# हुप्सेकोट गाउँपालिकाको कर तथा गैर कर राजश्व प्रशासन सम्बन्धी ऐन, २०८३

**प्रस्तावनाः** हुप्सेकोट गाउँपालिकाको क्षेत्रभित्र कर तथा गैर कर राजश्व लगत तयारी, निर्धारण, सङ्कलन, र  असुली प्रक्रियालाई व्यवस्थित, पारदर्शी, न्यायोचित एवं प्रभावकारी बनाउन; तथा राजश्व परिचालन मार्फत नागरिकहरुलाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्य सम्पादन गर्ने स्थानीय क्षमतामा सुदृढीकरण गर्न वाञ्छनीय भएकाले;

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र धारा २२८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्राप्त अधिकार प्रयोग गरी, हुप्सेकोट गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम **"हुप्सेकोट गाउँपालिकाको कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन हुप्सेकोट गाउँपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै बसेको भए तापनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) **"संविधान"** भन्नाले नेपालको संविधानलाई जनाउँछ।

(ख) **"गाउँपालिका"** भन्नाले हुप्सेकोट गाउँपालिकालाई जनाउँछ।

(ग) **"सभा"** भन्नाले हुप्सेकोट गाउँ सभालाई जनाउँछ।

(घ) **कार्यपालिका"** भन्नाले हुप्सेकोट गाउँ कार्यपालिकालाई जनाउँछ।

(ङ) **"प्रमुख"** भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुखलाई जनाउँछ।

(छ) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ज) **"आर्थिक ऐन"** भन्नाले हुप्सेकोट गाउँपालिकाको आर्थिक ऐनलाई जनाउँछ।

(झ) **"कर अधिकृत"** भन्नाले गाउँपालिकाको राजश्व प्रशासन शाखा प्रमुख सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको अधिकार प्रयोग गर्न तोकिएको अन्य कर्मचारीलाई समेत बुझाउँछ।

(ञ) **"कर राजश्व"** भन्नाले प्रचलित कानून अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने कर राजश्व सम्झनु पर्छ र यो शब्दले परिभाषित करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम लाग्ने जरिवाना समेतलाई जनाउँछ।

(ट) **"गैर कर राजश्व"** भन्नाले गाउँपालिकाले प्रदान गर्ने सेवाको उत्पादन लागतको आधारमा सङ्कलन गर्ने सेवा शुल्क, दस्तुर, महशुल, दण्ड जरिवाना जस्ता आयका स्रोतहरूलाई जनाउँछ।

(ठ) **"कर निर्धारण"** भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ ।

(ड) **"करदाता"** भन्नाले कर तिर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरू कुनै कानूनी कारबाही प्रक्रिया सुरु गरिएको व्यक्तिलाई समेत जनाउँछ।

(ढ) **"राजश्व प्रशासन शाखा"** भन्नाले गाउँपालिकाको कर तथा गैर-कर राजश्व सम्बन्धी काम, कारबाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त शाखा, वडा कार्यालय वा सो प्रयोजनका लागि तोकिएको अन्य कुनै प्रशासनिक एकाइलाई सम्झनुपर्छ।

(ण) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा त्यस्तो नियम अन्तर्गत बनेको विनियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमलाई जनाउँछ।

(त) **"घरले चर्चेको जग्गा"** भन्नाले घर वा भवनको भुइँतलाको बाहिरी गारो वा जगले ओगटेको जग्गाको क्षेत्रफल र सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनुपर्छ।

(२) यस ऐनमा परिभाषा गरिएका शब्दहरूको परिभाषा यसै ऐन बमोजिम हुनेछ अन्यमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

## परिच्छेद — २
## राजश्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

**३. कर तथा गैर कर राजश्व सम्बन्धी सामान्य सिद्धान्तः** (१) गाउँपालिकाले करको दर निर्धारण र संकलन गर्दा देहाय बमोजिमका वित्तीय, कानुनी एवं प्रशासनिक सिद्धान्तहरूलाई आधार मान्नु पर्नेछः—

(क) **न्यायिक र सक्षमताको सिद्धान्तः** करदाताको कर तिर्न सक्ने वास्तविक क्षमता, मौद्रिक न्याय र समानतामा आधारित हुने,

(ख) **निश्चितता र पारदर्शिताको सिद्धान्तः** कर निर्धारणको आधार करको दर, भुक्तानीको माध्यम र समय सीमा कानुनी रूपमा स्पष्ट, पारदर्शी र पूर्वानुमानयोग्य हुने,

(ग) **मितब्ययिता र सरलताको सिद्धान्तः** कर सङ्कलन लागत न्यूनतम हुने र कर प्रणाली सेवाग्राहीमैत्री एवं सरल हुने,

(घ) **स्वैच्छिक अनुपालनको सिद्धान्तः** करदातामा कर तिर्ने स्वप्रेरणा र नागरिक दायित्व बोध गराउने खालको वातावरण निर्माण गरिने,

(ङ) **भूत प्रभावी निषेधको सिद्धान्तः** कर सम्बन्धी व्यवस्था र दरहरू भूत प्रभावी असर नपर्ने गरी सभाबाट पारित भएको मितिदेखि मात्र लागु हुने।

(च) **आर्थिक तटस्थता र उत्पादकत्वको सिद्धान्तः** करको दरले स्थानीय अर्थतन्त्र, लगानी र उद्यमशीलतामा प्रतिकूल प्रभाव नपार्ने।

(२) गाउँपालिकाले उपलब्ध गराउने कुनै पनि सेवामा सेवा शुल्क, महशुल दस्तुर, रोयल्टी वा जरिवाना जस्ता गैर कर राजश्व लगाउँदा र उठाउँदा देहायका सिद्धान्तहरू अवलम्बन गर्नेछ :—

(क) **प्रयोगकर्ता भुक्तानीको सिद्धान्तः** उपलब्ध गराइने सेवा वा सुविधाको वास्तविक लागत, गुणस्तर र सञ्चालन तथा सम्भार खर्चको दामासाहीका आधारमा सेवा शुल्क निर्धारण गरिनेछ।

(ख) **प्रशासनिक दक्षताः** सेवा प्राप्त गर्ने प्रक्रिया र गैर कर राजश्व सङ्कलन प्रणालीलाई पूर्ण रूपमा प्रविधिमैत्री, सहज पहुँच र सरलताका आधारमा गरिनेछ ।

**४. राजश्व अधिकारको क्षेत्र र आधारः** (१) संविधान र प्रचलित कानुनको अधीनमा रही गाउँपालिकाको कर तथा गैर कर राजश्वको क्षेत्र देहाय बमोजिम हुनेछः—

(क) **कर राजश्व क्षेत्रः** परिच्छेद ४ बमोजिमका स्थानीय करहरू (जस्तैः सम्पत्ति कर, भूमिकर, बहाल कर, व्यवसाय कर, विज्ञापन कर, मनोरञ्जन कर आदि)।

(ख) **गैर कर राजश्व क्षेत्रः** परिच्छेद ५ बमोजिमका सेवा शुल्क, दस्तुर, रोयल्टी र बहालहरू (जस्तैः पार्किङ शुल्क, नवीकरण दस्तुर, सिफारिश दस्तुर, फोहरमैला व्यवस्थापन शुल्क आदि) ।

(ग) **अनिवार्य दण्ड तथा जरिवानाः** परिच्छेद ६ बमोजिमका सर्त उल्लंघन, बक्यौतामा लाग्ने हर्जाना, ढिलासुस्ती ब्याज र जरिवानाहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सङ्घीय वा प्रदेश कानुनले गाउँपालिकालाई थप अधिकार प्राप्त भएमा वा एकल अधिकार सूचीभित्र पर्ने नयाँ आर्थिक क्षेत्र वा नवप्रवर्तनकारी विधा पहिचान भएमा, त्यस्तो क्षेत्रमा कर तथा गैर कर राजश्व लगाउने र असुल गर्ने आधार गाउँपालिकाले आर्थिक ऐन पारित गरी लागु गर्न बाधा पर्ने छैन ।

## परिच्छेद – ३

## राजश्व प्रशासन, कर्मचारी तथा क्षेत्राधिकार सम्बन्धी व्यवस्था

**५. राजश्व प्रशासन र संरचनात्मक व्यवस्थाः** (१) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानुन बमोजिम स्थानीय तहको एकल वा साझा सूचीभित्र पर्ने कर तथा गैर-कर राजश्व निर्धारण, सङ्कलन, अनुसन्धान, नवीकरण र नियमन सम्बन्धी सम्पूर्ण प्रशासनिक कार्यहरू कार्यपालिका आफैंले वा निजको नियन्त्रणमा रहने गरी राजश्व प्रशासन शाखाले गर्ने गराउनेछ।

(२) उपदफा (१) बमोजिमको राजश्व प्रशासनलाई व्यावसायिक, चुस्त, प्रविधिमैत्री र पारदर्शी बनाउन गाँउपालिका एक स्थायी राजश्व प्रशासन शाखा रहनेछ र कार्यबोझको आधारमा आवश्यकता अनुसार थप उप-शाखाहरू स्थापना गर्न सकिनेछ।

(३) राजश्व सङ्कलन प्रक्रियालाई करदाताको पहुँचयोग्य, सुलभ र भरपर्दो बनाउन कार्यपालिकाको निर्णय बमोजिम राजश्व प्रशासन शाखाको प्रत्यक्ष प्रशासनिक र प्राविधिक मातहतमा रहने गरी प्रत्येक वडा कार्यालय वा तोकिएका रणनीतिक स्थानहरूमा राजश्व सङ्कलन एकाइ वा काउन्टरहरू सञ्चालन गर्न सकिनेछ।

**६. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) राजश्व प्रशासनको कार्यबोझ र सङ्गठन संरचनाको विश्लेषणका आधारमा स्थानीय व्यवस्थापिका (सभा) बाट स्वीकृत दरबन्दीको अधीनमा रही आवश्यकता अनुसार आवश्यक कर्मचारीहरूको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर अधिकृले राजश्व प्रशासन शाखा प्रमुखको रूपमा कामकाज गर्ने व्यवस्था गरिनेछ।

(३) स्वीकृत दरबन्दी अनुसार छुट्टै कर अधिकृतको व्यवस्था नभएको अवस्थामा, प्रमुख प्रशासकीय अधिकृत वा निजले राजश्व शाखा प्रमुखको रूपमा कामकाज गर्न तोकेको कर्मचारीले यस ऐन र प्रचलित कानुनको प्रयोजनका लागि स्वतः कर अधिकृतको हैसियतमा कार्य गर्नेछ।

(४) वडा कार्यालय तथा राजश्व सङ्कलन एकाइ वा काउन्टरमा कार्यरत कर्मचारीहरू राजश्व सम्बन्धी कार्य सम्पादन गर्दा कर अधिकृत प्रति प्रत्यक्ष रूपमा उत्तरदायी रहनेछन् र निजको प्रत्यक्ष सुपरिवेक्षण, नियन्त्रण तथा निर्देशनमा रही काम गर्नु पर्नेछ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त राजश्व प्रशासन शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको क्षेत्रभित्रका करदाताहरूको पहिचान, क्षेत्रविस्तार र अद्यावधिक दर्ता गर्ने,

(ख) करदाताहरूबाट डिजिटल वा भौतिक माध्यमबाट कर विवरण प्राप्त गर्ने, म्याद थपको अभिलेख राख्ने र कर विवरणहरूको प्रारम्भिक जाँच गर्ने,

(ग) कर छली, राजश्व चुहावट वा गलत विवरण पेस गर्ने शङ्कास्पद करदाताहरूको स्थलगत निरीक्षण, विस्तृत वित्तीय स्रेस्ता अध्ययन, कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) यस ऐन र वार्षिक आर्थिक ऐन बमोजिम निर्धारित कर, शुल्क, दस्तुर, महसुल, जरिवाना तथा बक्यौता राजश्व असुलउपर गर्ने,

(ङ) स्थानीय तहभित्रको सम्पत्तिको वैज्ञानिक मूल्याङ्कन, कर तथा गैर-कर राजश्व एवं शुल्कहरूको आधार दर र दायराको वस्तुनिष्ठ विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन स्थानीय राजश्व परामर्श समितिलाई उपलब्ध गराउने,

(च) करदाताको अद्यावधिक विवरण र गाउँपालिकाको आर्थिक सम्भाव्यताको अध्ययनका आधारमा मध्यमकालीन राजश्व सुधार योजना तथा वार्षिक राजश्व प्रक्षेपणको वस्तुनिष्ठ तथ्याङ्क तयार गरी स्थानीय राजश्व परामर्श समिति समक्ष पेस गर्ने,

(छ) वैकल्पिक राजश्वका स्रोतहरू एवं वित्तीय दायराका बारेमा आवश्यक अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने वा गराउने,

(ज) सुशासनयुक्त एवं करदातामैत्री वातावरण निर्माणका लागि कर सचेतना, करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने,

(झ) कर कानुनको परिपालना नगर्ने वा बक्यौता राख्ने करदाताको बैंक खाता, व्यावसायिक कारोबार वा चल-अचल सम्पत्ति रोक्का राख्न र लिलाम प्रक्रिया अगाडि बढाउन प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने,

(ञ) राजश्व प्रशासन सुधार, करका दरहरू परिमार्जन र कराधार विस्तारका उपायहरूका सम्बन्धमा कार्यपालिका र स्थानीय राजश्व परामर्श समितिलाई नीतिगत सुझाव पेस गर्ने,

(ट) गाउँपालिकाको राजश्व प्रशासनलाई प्रभावकारी बनाउन अन्तर-शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय कायम गर्ने,

(ठ) गाउँपालिकाको राजश्व प्रशासनको प्रभावकारी व्यवस्थापन, सञ्चालन तथा सूचना आदानप्रदानका लागि फोकल पोइन्ट (सम्पर्क एकाइ) को रूपमा कार्य गर्ने,

(ड) प्रचलित कानुन, कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले तोकेका राजश्व प्रशासन सम्बन्धी अन्य कार्यहरू गर्ने।

**८. अधिकार प्रत्यायोजन र उत्तरदायित्वः** (१) कर अधिकृतले यस ऐन बमोजिम आफूमा निहित कर तथा गैर-कर राजश्व निर्धारण, अनुसन्धान वा असुली सम्बन्धी अधिकारहरू मध्ये केही अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गरिएको भए तापनि सो कार्यको अन्तिम जिम्मेवारी र उत्तरदायित्व अधिकार प्रत्यायोजन गर्ने अधिकारी (कर अधिकृत) मा नै रहनेछ।

(३) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति पूर्ण रूपमा उत्तरदायी रही काम गर्नु पर्नेछ।

(४) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्दा कार्यपालिकाबाट कुनै खास निर्देशन वा मार्गदर्शन जारी भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद — ४
## कर राजश्व सम्बन्धी व्यवस्था

**९. सम्पत्ति कर:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अवस्थित घर र सो घरले चर्चेको जग्गामा गाउँ सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा वार्षिकरुपमा सम्पत्ति कर लगाउने र असुल गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा एउटै कित्तामा घर र जग्गा दुवै भएमा घर र घरले चर्चेको क्षेत्रफल बराबरको जग्गामा सम्पत्ति कर लाग्नेछ र सो बाहेकको बढी भएको बाँकी जग्गा, घर नभएको खाली जग्गा वा कृषियोग्य जग्गामा दफा १० बमोजिम भूमि कर (मालपोत) मात्र लगाइनेछ।

(३) सम्पत्ति कर लागेको जग्गाको क्षेत्रफलमा सोही आर्थिक वर्षको लागि पुनः भूमि कर (मालपोत) लाग्ने छैन। घर र घरले चर्चेको जग्गाको क्षेत्रफल निर्धारण सम्बन्धी विस्तृत प्राविधिक प्रक्रिया कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

(४) सम्पत्तिको वस्तुनिष्ठ एवं वैज्ञानिक मूल्याङ्कनका लागि गाँउपालिकाले देहायका प्राविधिक तथा बजार सूचकहरूलाई आधार मान्नु पर्नेछः—

(क) घर र जग्गाको भौगोलिक अवस्थिति, प्रकार, बनोट, निर्माण सामग्री र उपयोगको प्रकृति (व्यापारिक, आवासीय, औद्योगिक, कृषि वा संस्थागत),

(ख) भूमि प्रशासन कार्यालयले तोकेको न्यूनतम मूल्याङ्कन, स्थानीय चलन चल्तीको बजार मूल्य र भवनको भौतिक ह्रास कट्टीको दर,

(ग) उपलब्ध सहरी पूर्वाधार (सडकको संरचना, चौडाइ, ढल, पिउने पानी र विद्युत् लगायतका सुविधाको पहुँच)।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्था वा निकायको स्वामित्वमा रहेको घर वा जग्गा कुनै पनि व्यक्ति वा संस्थालाई बहालमा दिई व्यावसायिक रूपमा उपयोग गरिएको भएमा त्यस्तो सम्पत्तिमा नियमानुसार सम्पत्ति कर र बहाल कर पूर्ण रूपमा लाग्नेछ।

(६) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण भएका सामूहिक वा संयुक्त आवासका हकमा बिक्री नभई बाँकी रहेको मौज्दातमा निर्माण सम्पन्न भएको प्रमाणपत्र प्राप्त भएको मितिले बढीमा दुई वर्षसम्म सम्पत्ति करमा छुट दिन सक्नेछ। तर, सो अवधि व्यतीत भएपछि वा सो अवधिभित्रै पनि कुनै प्रकारले उपयोग वा भाडामा दिइएमा त्यस्तो सम्पत्तिमा नियमानुसार कर लाग्नेछ।

(७) सम्पत्तिको वस्तुनिष्ठ मूल्याङ्कनको दर सिफारिस गर्न कार्यपालिकाले राजश्व परामर्श समितिको समन्वयमा बढीमा पाँच सदस्यीय "सम्पत्ति मूल्याङ्कन समिति" गठन गर्न सक्नेछ। उक्त समितिले प्रत्येक वर्ष वा आवश्यकता अनुसार घरजग्गा मूल्याङ्कनको दर र मापदण्ड तयार गरी राजश्व परामर्श समिति मार्फत कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(८) प्रत्येक आर्थिक वर्षको साउन एक गतेका दिन जुन सम्पत्ति जसको स्वामित्व, स्रेस्ता वा भोगचलनमा रहेको छ, सो वर्षको सम्पत्ति कर बुझाउने दायित्व सोही व्यक्तिको हुनेछ।

(९) करदाताले प्रत्येक वर्ष तोकिएको समयभित्र आफ्नो सम्पत्तिको स्वयं घोषणाको विवरण विद्युतीय वा भौतिक माध्यमबाट राजश्व शाखामा पेस गर्नु पर्नेछ। सम्पत्ति कर वार्षिक रूपमा गणना गरिनेछ र करदाताले आर्थिक ऐनमा तोकिएको म्यादभित्र एकमुष्ठ बुझाउनु पर्नेछ।

**१०. भूमि कर (मालपोत)ः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र दफा ९ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य सम्पूर्ण जग्गा वा भूमिमा आर्थिक ऐनले तोकेको दरमा भूमि कर (मालपोत) लगाउने र उठाउनेछ।

(२) सरकारी, सार्वजनिक, सामुदायिक वन र कूटनीतिक नियोगको स्वामित्वमा रहेका र व्यापारिक प्रयोजनमा नलगाईएका जग्गामा भूमि कर लाग्ने छैन।

(३) गाउँपालिकाले सम्पत्ति कर र भूमि करको व्यवस्थापन तथा सङ्कलन कार्यलाई करदातामैत्री र प्रविधिमा आधारित एकीकृत राजश्व सङ्कलन प्रणाली मार्फत सञ्चालन गर्नेछ।

**११. सम्पत्ति तथा भूमि कर नलाग्ने अवस्था र छुटः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका घर र जग्गामा सम्पत्ति कर वा भूमि कर लाग्ने छैनः—

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेका र प्रशासनिक प्रयोजनमा प्रयोग भएका भवन र जग्गा,

(ख) सरकारी अस्पताल, सरकारी शिक्षण संस्था र सार्वजनिक गुठीको स्वामित्वमा रहेका र सोही प्रयोजनमा प्रत्यक्ष प्रयोग भएका घर र जग्गा (व्यावसायिक रूपमा सञ्चालित निजी वा संस्थागत विद्यालय, कलेज तथा अस्पतालको हकमा यो प्रावधान लागू हुने छैन),

(ग) परम्परागत धार्मिक स्थलहरू (मन्दिर, गुम्बा, चर्च, मस्जिद, मदरसा आदि) र सार्वजनिक उपयोगका स्थल (मसानघाट, चिहान, उद्यान, सार्वजनिक पार्क, खेलमैदान),

(घ) कूटनीतिक नियोग र राजदूतावासको स्वामित्वमा रहेका घर र जग्गा,

(ङ) जग्गाधनी प्रमाणपुर्जामा जनिएको तर सार्वजनिक सडक वा बाटोले ओगटेको क्षेत्रफल बराबरको जग्गा।

(२) दैवी वा प्राकृतिक प्रकोपको अवस्था वा अन्य कुनै गम्भीर परिस्थिति सिर्जना भई कर छुट दिनुपर्ने आवश्यक देखिएमा कार्यपालिकाले आधार र कारण खोली प्रभावित करदाताहरूका लागि समान रूपले लागू हुने गरी सम्पत्ति वा भूमि करमा निश्चित प्रतिशत छुट वा जरिवाना मिनाहाको निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम छुट वा मिनाहा दिने निर्णय भएकोमा कार्यपालिकाले सो निर्णय भएको पन्ध्र दिनभित्र गाउँसभा चलिरहेको भए सोही सभामा र चलिरहेको नभए आगामी बस्ने सभाको पहिलो बैठकमा स्वीकृतिका लागि पेस गर्नु पर्नेछ।

**१२. व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय, उद्योग, पेसा वा सेवा सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले व्यवसाय सुरु गर्नु अगावै आफ्नो पुँजीगत लगानी, कारोबारको प्रकृति वा स्थानको महत्त्वका आधारमा यस ऐन र आर्थिक ऐन बमोजिम पालिकामा दर्ता भई व्यवसाय इजाजत पत्र प्राप्त गर्नु पर्नेछ।

(२) प्रचलित सङ्घीय वा प्रदेश कानुन बमोजिम अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरूको हकमा समेत यस पालिकाको कार्यक्षेत्र भित्र व्यवसाय सञ्चालन गर्नु पूर्व पालिकाको राजश्व प्रणालीमा सूचीकृत हुनु अनिवार्य हुनेछ। दर्ता वा सूचीकृत नभई सञ्चालनमा रहेका व्यवसायले यो ऐन जारी भएको नब्बे दिनभित्र अनिवार्य रूपमा दर्ता वा सूचीकरण गराउनु पर्नेछ।

(३) इजाजत प्राप्त वा सूचीकृत व्यवसायीले प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र तोकिएको व्यवसायको कारोबार वा आय-व्ययको स्वघोषणा विवरण पेस गरी नियमानुसारको व्यवसाय कर चुक्ता गरी इजाजत पत्र नवीकरण गराउनु पर्नेछ। तोकिएको म्यादभित्र नवीकरण नगराएमा आर्थिक ऐन बमोजिम जरिवाना लाग्नेछ।

(४) एक पटक व्यवसाय दर्ता वा सूचीकृत भएपछि तोकिएको प्रक्रिया बमोजिम दर्ता खारेजी वा लिक्विडेसन कार्य समाप्त भएको आधिकारिक प्रमाणपत्र पेस नगरे सम्म सो व्यवसाय सञ्चालनमै रहेको अनुमान गरी वार्षिक करको दायित्व सिर्जना हुनेछ। व्यवसाय स्थायी वा अस्थायी रूपमा बन्द भएको तीस दिनभित्र सोको लिखित सूचना राजश्व शाखामा दिनु करदाताको कर्तव्य हुनेछ।

**१३. घरजग्गा बहाल करः** (१) गाँउपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफ्नो स्वामित्व, हक वा भोगचलनमा रहेको घर, कोठा, पसल, गोदाम, टहरा, उद्योग, कारखाना, जग्गा, पोखरी, घरको छत वा टेलिकम टावर/एन्टेना पूर्ण वा आंशिक रूपमा बहाल (भाडा) मा दिए बापत प्राप्त हुने कुल वार्षिक बहाल रकममा आर्थिक ऐनले तोकेको दरमा घरजग्गा बहाल कर लगाउने र असुल गर्नेछ।

(२) स्वामित्व स्पष्ट नभएको, ऐलानी, पर्ती, सुकुम्बासी क्षेत्र वा सार्वजनिक जग्गामा निर्मित संरचना वा भवन अन्य व्यक्ति वा संस्थालाई बहालमा दिएको पाइएमा समेत गाउँपालिकाले यस ऐन बमोजिम बहाल कर असुल गर्नेछ।

(३) उपदफा (२) बमोजिम बहाल कर असुल वा दाखिला गरेको आधारमा मात्र त्यस्तो जग्गा वा संरचनामा सम्बन्धित व्यक्तिको कानुनी स्वामित्व वा हकदाबी स्थापित भएको मानिने छैन। साथै, त्यस्तो जग्गा वा संरचना सरकारी प्रयोजनका लागि खाली गराउने वा हटाउने राज्यको प्रचलित कानुन बमोजिमको अधिकारमा कर बुझाएकै कारणले कुनै बाधा पुगेको मानिने छैन।

(४) गाउँपालिकाले बहाल करको पारदर्शी र वस्तुनिष्ठ निर्धारणका लागि व्यापारिक क्षेत्र र उपलब्ध सहरी सुविधाका आधारमा क्षेत्रगत वर्गीकरण गरी न्यूनतम बहाल दर तोक्न सक्नेछ। करदाताले पेस गरेको बहाल सम्झौताको रकम तोकिएको न्यूनतम दर भन्दा कम

भएमा पालिकाले तोकेको न्यूनतम दरलाई नै कराधार (Tax Base) मानी कर निर्धारण गरिनेछ।

(५) घरजग्गा बहालमा लगाउने व्यक्ति वा स्वामित्वकर्ता बहाल करको मुख्य करदाता हुनेछ। कम्पनी वा संस्थाको हकमा सोही संस्था बहाल करप्रति उत्तरदायी हुनेछ। आर्थिक ऐनमा व्यवस्था भए बमोजिम वार्षिक बहाल कर एकमुष्ठ अग्रिम रूपमा दाखिला गर्ने करदातालाई प्रोत्साहन स्वरूप निश्चित प्रतिशत छुट दिन सकिनेछ।

**१४. जडीबुटी, कबाडी तथा जीवजन्तु करः** (१) गाउँपालिका क्षेत्रभित्रबाट प्राकृतिक रूपमा सङ्कलन भई बाहिर निकासी हुने वा व्यावसायिक कारोबार हुने खोटो, जडीबुटी, कबाडी मालसामान (स्त्रयाप, धातु, प्लास्टिक, सिसा, पुराना कागज आदि) र प्रचलित कानुनले निषेध नगरेका मृत जीवजन्तुका अवशेषको व्यावसायिक कारोबार गर्ने व्यक्ति वा संस्थाबाट कारोबारको परिमाण, तौल वा सवारी साधनको आकारका आधारमा आर्थिक ऐनले तोकेको दरमा कर लगाइनेछ।

(२) यस दफा बमोजिमको कर पालिकाले तोकेको सङ्कलन केन्द्र वा घाटगद्दीमा मात्र सङ्कलन गरिनेछ।

(३) नेपालको संविधानको मर्म र वस्तुहरूको निर्वाध ओसारपसार सम्बन्धी प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही, एक स्थानीय तह वा प्रदेशबाट अर्को स्थानीय तह वा प्रदेशमा मालसामान ढुवानी गर्दा बाटोमा ढाट वा तगारो राखी "पारवहन कर" वा "चोकी कर" का रूपमा दोहोरो कर उठाउन वा वस्तुको ढुवानी र व्यापारिक गतिविधिमा कुनै पनि किसिमको अवरोध सिर्जना गर्न पाइने छैन।

**१५. साना सवारी साधन करः**(१) नेपालको संविधान, सवारी तथा यातायात व्यवस्था ऐन र प्रचलित प्रदेश कानुनको अधीनमा रही गाउँपालिकाले आफ्नो क्षेत्रभित्र दर्ता, नवीकरण र नियमन हुने रिक्सा, ई-रिक्सा, अटो रिक्सा, टाँगा र ठेलागाडा जस्ता स्थानीय साना सवारी साधनमा वार्षिक रूपमा साना सवारी साधन कर तथा दर्ता/नवीकरण शुल्क लगाउने र उठाउनेछ।

(२) सङ्घीय वा प्रदेश कानुन बमोजिम प्रदेश सरकारको यातायात व्यवस्था कार्यालयमा दर्ता हुने सवारी साधनहरू (जस्तैः मोटरसाइकल, कार, बस, ट्रक आदि) को हकमा प्रदेश कानुन बमोजिम सङ्कलन भई राजश्व बाँडफाँट शीर्षक अन्तर्गत पालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम नै यस पालिकाको राजश्व हिस्सा मानिनेछ।

**१६. विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र राखिने वा प्रदर्शन गरिने भौतिक वा डिजिटल विज्ञापन, व्यापारिक प्रचारप्रसार, प्रवर्द्धनका लागि सार्वजनिक वा निजी स्थानमा राखिने साइनबोर्ड, होर्डिङ बोर्ड, ग्लोबोर्ड, डिजिटल डिस्प्ले, नियोन लाइट, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा गरिने विज्ञापनमा आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाइनेछ।

(२) व्यावसायिक वा व्यापारिक प्रयोजनका लागि राखिने वा प्रदर्शन गरिने कुनै पनि विज्ञापन सामग्री गाउँपालिकाको पूर्व अनुमति विना स्थापना वा प्रदर्शन गर्न पाइने छैन।

अनुमति दिंदा गाँउपालिकाले सार्वजनिक सुरक्षा, ट्राफिक व्यवस्थापन, सडकको दृष्टि-हस्तक्षेपको मापदण्ड, सहरको सौन्दर्यीकरण, भाषागत शुद्धता र सामाजिक शालीनताका सर्तहरू तोक्न सक्नेछ र सो विपरीत भएमा त्यस्ता सामग्री जतिबेलै हटाउन सक्नेछ।

(३) विज्ञापन एजेन्सी वा जग्गा/भवनको मालिकले अरू कसैको विज्ञापन प्रदर्शन गर्न स्थान वा डिजिटल बोर्ड भाडामा दिएकोमा, त्यस्तो विज्ञापन कर सम्बन्धित एजेन्सी वा भवन मालिकले अग्रिम रूपमा असुल गरी तोकिएको समयभित्र गाउँपालिकाको राजश्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) सङ्कलन गरिएको विज्ञापन करको साठी प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ र बाँकी चालीस प्रतिशत रकम प्रचलित कानुन बमोजिम सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा दाखिला वा बाँडफाँट गरिनेछ।

**१७. मनोरञ्जन करः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सिनेमा हल, कन्सर्ट, थिएटर, भिडियो गेम केन्द्र, फन पार्क, सांस्कृतिक प्रदर्शनी, खेलकुद प्रतियोगिता वा अन्य मनोरञ्जनात्मक स्थल वा कार्यक्रमहरूमा आर्थिक ऐन र प्रचलित प्रदेश कानुन बमोजिम मनोरञ्जन कर लगाइनेछ।

(२) मनोरञ्जन करको दर निर्धारण प्रदेश कानुन बमोजिम हुनेछ र यस पालिकाको क्षेत्रभित्र सङ्कलन भएको मनोरञ्जन करको साठी प्रतिशत रकम पालिकाको सञ्चित कोषमा रहने र बाँकी चालीस प्रतिशत रकम प्रचलित कानुन बमोजिम सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा दाखिला वा बाँडफाँट गरिनेछ।

## परिच्छेद — ५
## गैर कर राजश्व सम्बन्धी व्यवस्था

**१८. सेवा शुल्क, महसुल तथा दस्तुरः** (१) गाउँपालिकाले आफैंले निर्माण, सञ्चालन, व्यवस्थापन वा नियमन गरेका, वा नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै निकायबाट प्रचलित कानुन बमोजिम पालिकामा हस्तान्तरण भई आएका स्थानीय पूर्वाधार, सार्वजनिक संरचना वा सेवाहरू उपयोग गरेबापत सेवाग्राहीबाट गाउँ सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, उपयोग महसुल वा दस्तुर लगाउने र असुल गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि हस्तान्तरण भई आएका वा पालिकाको स्वामित्वमा रहेका सडक, पुल, टर्मिनल, बसपार्क, हाटबजार, पर्यटकीय वा सांस्कृतिक स्थल, फोहोरमैला व्यवस्थापन केन्द्र जस्ता पूर्वाधारहरूको मर्मत सम्भार, सञ्चालन र स्तरोन्नतिका लागि कार्यपालिकाले तोकेको मापदण्डका आधारमा मात्र शुल्क निर्धारण गरिनेछ।

(३) यस दफा बमोजिम उठाइने सेवा शुल्क वा दस्तुर लिँदा गुडिरहेका सवारी साधन वा आवतजावत गरिरहेका मालसामानलाई बाटोमा अवरोध (ढाट वा तगारो) गरी पारवहन करको रूपमा लिन पाइने छैन। त्यस्तो शुल्क पूर्वाधार वा सेवा उपभोग गर्ने विशिष्ट सेवाग्राहीबाट मात्र सङ्कलन गरिनेछ।

(४) उपदफा (१) को प्रयोजनका लागि सेवा शुल्क र दस्तुर देहायका क्षेत्र तथा सेवामा लागू हुनेछः—

(क) **सहरी तथा पूर्वाधार सेवाः** खानेपानी, ढल निकास, सरसफाइ, फोहर मैला व्यवस्थापन, सडक बत्ती, सार्वजनिक शौचालय, अतिथि गृह, पार्क, व्यायामशाला, पौडी पोखरी, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाहगृह, धोबीघाट, एम्बुलेन्स तथा शववाहन सेवा ।

(ख) **प्रशासनिक तथा कानुनी सेवाः** स्थानीय व्यापारिक फर्म, घरेलु तथा साना उद्योग, "घ" वर्गको निर्माण व्यवसायी, सहकारी संस्था, एफ.एम. रेडियो, स्थानीय पत्रपत्रिका, कृषक समूह आदिको दर्ता, अनुमति, नवीकरण तथा नियमन ।

(ग) **सिफारिस तथा प्रमाणित सेवाः** भवन निर्माण इजाजत, नक्सा पास, जग्गाको उपयोगिता प्रमाणित, नाता प्रमाणित, एजेन्सी वा दूरसञ्चार टावर/एन्टेना जडान अनुमति, न्यायिक समितिमा दिइने निवेदन तथा मिलापत्र दस्तुर र प्रचलित कानुन बमोजिम जारी गरिने अन्य प्रशासनिक सिफारिस।

(२) गाउँपालिकाले मनोरञ्जन, साहसिक खेलकुद तथा सांस्कृतिक प्रदर्शनी जस्ता विधामा सेवा शुल्क निर्धारण गर्दा वार्षिक व्यवसाय कर र प्रति-टिकट वा प्रति-सेवा उपयोगका आधारमा लाग्ने सेवा शुल्कलाई एकीकृत प्रणालीको रूपमा असुल गर्न सक्नेछ।

(३) गाउँपालिकाले प्रचलित कानुनको प्रतिकूल नहुने गरी आफूले थप गरेका नयाँ सेवा वा नवप्रवर्तनकारी आर्थिक क्षेत्रहरूमा लागत परिपूर्तिका आधारमा सेवा शुल्क तोक्न सक्नेछ।

**१९. पर्यटन शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अवस्थित ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक वा प्राकृतिक पर्यटकीय स्थलहरूको विकास, संरक्षण र पर्या-पर्यटन पूर्वाधार व्यवस्थापन गरेबापत वा त्यस्ता क्षेत्रमा सञ्चालित पर्यटकीय क्रियाकलापमा आर्थिक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई असुल गर्न सक्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र शुल्क विशिष्ट पर्यटकीय स्थलको उपयोग वा सेवा उपभोग गरेबापत बहेक पर्यटक प्रवेश गरेको वा हिँडेको आधारमा मात्र कुनै कर वा शुल्क लगाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित वा घोषित पर्यटकीय क्षेत्रहरूको हकमा सङ्घीय वा प्रदेश कानुनको अधीनमा रही सम्बन्धित प्रदेश र स्थानीय तहबिच समन्वय गरी संयुक्त सङ्कलन संयन्त्र मार्फत पर्यटन शुल्क सङ्कलन गरिनेछ र त्यसरी सङ्कलन भएको राजश्व प्रचलित कानुन बमोजिम बाँडफाँट हुनेछ।

**२०. सवारी साधन पार्किङ शुल्कः** (१) गाउँपालिकाले ट्राफिक व्यवस्थापन र सहरी सुव्यवस्थालाई ध्यानमा राखी तोकेका निश्चित पार्किङ स्थल वा आधुनिक पार्किङ भवनमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत पार्किङ अवधिका आधारमा आर्थिक ऐनले तोकेको दरमा पार्किङ शुल्क लगाउने र असुल गर्नेछ।

(२) राष्ट्रिय राजमार्ग र प्रादेशिक सहायक राजमार्गको मुख्य सडक अधिकार क्षेत्र भित्र गुडिरहेका सवारी साधनलाई अवरोध हुने गरी पार्किङ गराइने र शुल्क उठाइने छैन।

तर, गाउँपालिकाले त्यस्ता राजमार्गको किनारामा विशेष 'पार्किङ वे' वा 'बे' निर्माण गरेको अवस्थामा र आन्तरिक सहरी सडकहरूमा ट्राफिक प्रहरीको समन्वयमा पार्किङ क्षेत्र तोकी शुल्क उठाउन बाधा पर्ने छैन।

**२१. प्राकृतिक स्रोत बिक्री तथा सङ्कलन शुल्कः**_(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नदी, खोलानाला, बगर वा अन्य सार्वजनिक स्थलबाट प्रचलित कानुन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन) ले तोकेको सीमा, क्षेत्र, परिमाण र सर्तहरूको अधीनमा रही ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, माटो जस्ता नदीजन्य तथा खानीजन्य वस्तुहरू सार्वजनिक बोलपत्र (ठेक्का), दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बिक्री वितरण गर्न सक्नेछ।

(२) गाउँपालिकाले प्रचलित कानुन बमोजिम सम्बन्धित आधिकारिक निकायबाट अनुमति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानी, क्रसर उद्योग वा बालुवा धुने (वाशिङ) उद्योगबाट उत्खनन, सङ्कलन वा बिक्री गरिने प्राकृतिक स्रोतमा प्रचलित सङ्घीय तथा प्रदेश कानुन र यस पालिकाको आर्थिक ऐनले तोकेको दर बमोजिम प्राकृतिक स्रोत सङ्कलन शुल्क वा बिक्री कर लगाउने र असुल गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलन गरिएको वा ठेक्का सम्झौता मार्फत प्राप्त भएको कुल राजश्व रकम मध्ये प्रचलित कानुन (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन)

बमोजिम तोकिएको प्रतिशत चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गरी बाँकी रकम साठी प्रतिशत गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

(४) वातावरण र जैविक विविधताको संरक्षणका लागि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र, संरक्षण क्षेत्र र वातावरणीय दृष्टिले संवेदनशील वा निषेधित घोषित क्षेत्रहरूबाट प्राकृतिक स्रोत उत्खनन, सङ्कलन वा बिक्री गर्न पाइने छैन।

(५) गाउँपालिका क्षेत्रभित्र उत्खनन गरिएका नदीजन्य तथा खानीजन्य वस्तुहरू कार्यपालिकाले तोकेको मापदण्ड बमोजिम अनिवार्य रूपमा घाटगद्दी गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ। उत्खनन स्थलबाट सोझै बिक्री गर्न वा ओसारपसार गर्न पाइने छैन।

(६) ठेक्का सम्झौताको अवधि समाप्त भएपछि वा तोकिएको म्याद व्यतीत भएपछि पनि घाटगद्दी वा उत्खनन क्षेत्रमा बाँकी रहेको वा उठाई नलगेको ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतहरूमा ठेकेदार वा सम्बन्धित व्यक्तिको हक समाप्त भई त्यस्तो सम्पूर्ण मौज्दात स्वतः गाउँपालिकाको स्वामित्वमा आउनेछ। कार्यपालिकाले त्यस्तो जफत भएको वस्तु नियमानुसार पुनः लिलाम बिक्री वा सार्वजनिक हितका योजनामा उपयोग गर्न सक्नेछ।

(७) प्राकृतिक स्रोतको उत्खनन, घाटगद्दी (भण्डारण केन्द्र), तौल र ओसारपसार सम्बन्धी प्राविधिक प्रक्रिया, अनुगमन संयन्त्र र दण्ड जरिवाना सम्बन्धी विस्तृत व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

**२२. बहाल विटौरी शुल्कः** (१) गाउँपालिकाको स्वामित्व, रेखदेख वा व्यवस्थापनमा रहेको सार्वजनिक, पर्ती वा ऐलानी जग्गा, हाटबजार, मेला, जात्रा, प्रदर्शनीस्थल वा सडकपेटी तथा तोकिएका अस्थायी व्यापारिक क्षेत्रमा अस्थायी संरचना वा पसल सञ्चालन गर्न अनुमति दिएबापत आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाइनेछ।

(२) गाउँपालिकाले आफ्नो स्वामित्वको कुनै जग्गा वा संरचना बहाल विटौरीमा दिँदा स्पष्ट अवधि र सर्तसहित कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम सम्झौता गरी दिनु पर्नेछ।

(३) यस दफा बमोजिम शुल्क बुझाएको आधारमा मात्र सम्बन्धित जग्गा वा सम्पत्तिमा प्रयोगकर्ताको कुनै पनि कानुनी स्वामित्व वा हकदाबी स्थापित हुने छैन र गाउँपालिकाले सार्वजनिक हितका लागि जुनसुकै बखत संरचना हटाउन वा खाली गराउन सक्नेछ।

**२३. सडक मर्मत तथा पूर्वाधार उपयोग शुल्कः** गाउँपालिकाले आफ्नो लगानीमा निर्माण, संघ प्रदेश वाट हस्तान्तरण भएका पूर्वाधार वा मर्मत सम्भार गरेका आन्तरिक तथा सहायक सडकहरूको दिगो संभार, ट्राफिक भार नियन्त्रण र सवारीजन्य प्रदूषण व्यवस्थापनका लागि तोकिएका भारवहन क्षमता भन्दा बढीका वा विशिष्ट व्यावसायिक सवारी साधनहरूमा आर्थिक ऐन बमोजिम पूर्वाधार उपयोग शुल्क लगाउन सक्नेछ।

**२४. वातावरण संरक्षण शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, कलकारखाना, व्यावसायिक प्रतिष्ठान वा परियोजनाहरूबाट उत्सर्जन हुने ध्वनि, वायु, जल,

ठोस वा औद्योगिक फोहोरमैला र माटो प्रदूषणको रोकथाम, न्यूनीकरण र हरित पूर्वाधार विकासका लागि प्रदूषणकर्ताले बेहोर्नु पर्ने सिद्धान्तका आधारमा आर्थिक ऐनमा तोकिए बमोजिम वातावरण संरक्षण शुल्क लगाइनेछ।

(२) यस दफा बमोजिम सङ्कलित शुल्कको न्यूनतम ५० प्रतिशत रकम अनिवार्य रूपमा सम्बन्धित क्षेत्रको वातावरणीय सुधार र फोहोरमैला प्रशोधन प्रविधिमा नै खर्च गर्नु पर्नेछ।

**२५. सामुदायिक वनको पर्या-पर्यटन, व्यावसायिक आय र राजश्व बाँडफाँडः** (१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को खण्ड (ख) बमोजिम वन पैदावारको दिगो उपयोग, पर्या-पर्यटन सञ्चालन तथा व्यावसायिक बिक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना स्वीकृतिका लागि गाउँ कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना अनुसार वन पैदावारको बिक्री, पर्या-पर्यटन वा अन्य व्यावसायिक गतिविधिबाट प्राप्त हुने कुल आम्दानीको दश प्रतिशत रकम उपभोक्ता समूहले गाउँपालिकाको स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले प्रचलित संघीय वन कानुनको अधीनमा रही, वन पैदावार बिक्री तथा अन्य स्रोतबाट प्राप्त बाँकी रकम देहाय बमोजिम स्थानीय तहसँगको समन्वयमा खर्च गर्नु पर्नेछः

(क) वनको विकास, संरक्षण र व्यवस्थापनमाः कम्तीमा २५ प्रतिशत।

(ख) गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा लक्षित वर्गको हितमाः बाँकी रकमको कम्तीमा ५० प्रतिशत।

(ग) उपभोक्ता समूहको अन्य हित र सामुदायिक विकास कार्यमाः बाँकी रहेको रकम।

## परिच्छेद — ६

## छुट, जरिवाना र हर्जाना (ब्याज) सम्बन्धी व्यवस्था

**२६. कर छुट तथा सहुलियतः** (१) प्राकृतिक विपद् भूकम्प, बाढी, पहिरो, महामारी, वा नेपाल सरकारले घोषणा गरेको राष्ट्रिय सङ्कटको अवस्थामा करदाताको आर्थिक क्षतिलाई दृष्टिगत गरी कार्यपालिकाको सिफारिसमा गाँउसभाले सो आर्थिक वर्षका लागि लाग्ने कर वा गैर कर राजश्वमा आंशिक वा पूर्ण रूपमा सहुलियत वा छुट दिन सक्नेछ।

(२) कुनै पनि करदाताले आफ्नो वार्षिक कर वा गैर कर राजश्वको दायित्व सम्पत्ति कर, भूमिकर, व्यवसाय कर अग्रिम रूपमा चुक्ता गरेमा आर्थिक ऐनले निर्धारण गरे बमोजिम प्रोत्साहन छुट दिइनेछ।

(३) लैङ्गिक समानता, सामाजिक समावेशीकरण र व्यवस्थित सहरीकरणलाई प्रोत्साहन गर्न महिला, अपाङ्गता भएका व्यक्ति, दलित, भूमिहीन तथा अति विपन्न वर्गको नाममा दर्ता रहेको एकल आवासीय सम्पत्ति वा साना व्यवसायको कर तथा नक्सा पास दस्तुरमा आर्थिक ऐनले तोके बमोजिम विशेष सहुलियत वा छुट प्रदान गर्न सकिनेछ।

(४) परिमाणमा आधारित प्राकृतिक स्रोत उत्खनन वा आन्तरिक आय ठेक्का बन्दोबस्त भएको अवस्थामा, काबु बाहिरको परिस्थिति वा स्थानीय तहले नै गराएको बन्दका कारण ठेक्का क्षेत्र पूर्ण रूपमा बन्द भई राजश्व सङ्कलन हुन नसकेको प्रमाणित भएमा, कार्यपालिकाले छानबिन गरी बन्द रहेको अवधिको कबोल रकममा दामासाहीले छुट वा म्याद थपको निर्णय गर्न सक्नेछ र सोको अनुमोदन आगामी गाँउसभाबाट गराउनु पर्नेछ।

**२७. मिनाहा सम्बन्धी प्रतिबन्धात्मक व्यवस्थाः** (१) दफा २६ मा उल्लिखित अवस्थामा बाहेक सामान्य अवस्थामा कुनै पनि व्यक्ति, फर्म वा व्यापारिक प्रतिष्ठानलाई लाग्ने कर, गैर कर वा ठेक्काको मूल रकम  मिनाहा गरिने छैन।

(२) प्राविधिक त्रुटि वा दोहोरो कर परेको कारणले बुझाउनु पर्ने वास्तविक करको अङ्कमा फरक परेको अवस्थामा बाहेक कार्यपालिकाले हचुवाको भरमा कर मिनाहा गर्न पाउने छैन। कार्यपालिकाले गरेको विशेष अवस्थाको कर ब्याज वा जरिवाना मिनाहाको विवरण अनिवार्य रूपमा आगामी गाँउ सभाको पहिलो बैठकमा अनुमोदनका लागि पेस गर्नु पर्नेछ।

**२८. सहरी सुव्यवस्था उल्लंघनमा जरिवानाः** (१) गाउँपालिकाको अनुमति विना सार्वजनिक सडक, सडकपेटी, वा सार्वजनिक स्थल अतिक्रमण गर्ने, जथाभाबी निर्माण सामग्री थुपारी आवागमन अवरुद्ध गर्ने, तोकिएको स्थान बाहेक सार्वजनिक ठाउँमा फोहोर फाल्ने वा जलाउने, र निषेधित क्षेत्रमा सवारी साधन पार्किङ वा फुटपाथ व्यवसाय सञ्चालन गरी सहरी सुव्यवस्थामा खलल पुऱ्याउने व्यक्ति वा संस्थालाई राजश्व शाखा वा तोकिएको नगर प्रहरी/अधिकृतले तत्कालै आर्थिक ऐनले तोके बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) गाउँपालिकाबाट अनिवार्य इजाजत वा नक्सा पास स्वीकृति नलिई भवन निर्माण गर्ने, जग्गा प्लटिङ गर्ने वा प्राकृतिक स्रोतको अवैध उत्खनन गर्ने कार्य गरेमा त्यस्तो कार्यलाई

तुरुन्त रोक्का गरी आर्थिक ऐनमा तोकिए बमोजिमको कसुरको गम्भीरता अनुसार जरिवाना र क्षतिपूर्ति असुल गरिनेछ।

**२९. विवरण दाखिला नगरेमा वा नवीकरण म्याद नाघेमा जरिवानाः** यस ऐन तथा प्रचलित कानुन बमोजिम आफ्नो व्यवसाय, बहाल सम्झौता वा अन्य करयोग्य विवरण तोकिएको म्यादभित्र दाखिला नगर्ने वा नवीकरण नगराउने करदाताको हकमा म्याद नाघेको पहिलो महिनादेखि आर्थिक ऐनमा व्यवस्था भए बमोजिम प्रगतिशील जरिवाना लगाइनेछ।

**३०. झुट्टा विवरण वा कर छलकपट गरेमा जरिवानाः** कर छल्ने वा कम कर बुझाउने बदनियतले आफ्नो सम्पत्ति, व्यवसायको पुँजी, कारोबारको आकार वा बहाल रकमको झुट्टा वा कृत्रिम विवरण पेस गरेको प्रमाणित भएमा, हिनामिना गरिएको वास्तविक कर रकम असुल गरी सो रकमको शतप्रतिशत बराबर जरिवाना समेत असुल उपर गरिनेछ।

**३१. बक्यौतामा ब्याज हर्जाना लाग्ने :** (१) करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर, शुल्क वा दस्तुर तोकिएको आर्थिक वर्षभित्र दाखिला नगरी बक्यौता राखेमा, सो बक्यौता रकममा आर्थिक वर्ष समाप्त भएको मितिदेखि दाखिला गरेको मितिसम्म वार्षिक दश प्रतिशतका दरले थप हर्जाना (ब्याज) लाग्नेछ। प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति प्रमाणित भएमा कार्यपालिकाले त्यस्तो ब्याज वा हर्जानामा आंशिक वा पूर्ण छुट दिन सक्नेछ।

(२) यस ऐन बमोजिम लाग्ने ब्याज, हर्जाना र जरिवानाको रकममाथि पुनः ब्याज वा हर्जाना वा ब्याजको ब्याज लगाइने छैन।

**३२. बक्यौता कर असुलीका विशेष उपायहरू :** (१) यस ऐन बमोजिम पटक-पटक सूचना गर्दा पनि तोकिएको म्यादभित्र कर, गैर कर, जरिवाना वा बक्यौता रकम दाखिला नगर्ने करदाताको हकमा गाउँपालिकाले देहाय बमोजिमका कानुनी तथा प्रशासनिक कारबाही गरी बक्यौता असुल गर्न सक्नेछः

(क) गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण प्रशासनिक सिफारिस, घरनक्सा पास र गैर-अत्यावश्यक सेवाहरू रोक्का गर्ने,

(ख) सम्बन्धित करदाताको व्यवसायिक इजाजत वा नवीकरण निलम्बन वा खारेज गर्ने,

(ग) प्रचलित कानुन बमोजिम त्यस्ता करदाताको चल-अचल सम्पत्ति रोक्का राख्न वा बैंक खाता रोक्का राख्न सम्बन्धित भूमि प्रशासन कार्यालय वा बैंक तथा वित्तीय संस्थामा लेखी पठाउने,

(घ) बक्यौता रकम बराबरको निजको चल सम्पत्ति वा वस्तु जफत गरी लिलाम बिक्रीबाट कर असुलउपर गर्ने।

## परिच्छेद — ७
## करदाता दर्ता, दायित्व तथा अधिकार सम्बन्धी व्यवस्था

**३३. करदाताको पहिचान, दर्ता र एकीकृत प्रणालीः** (१) गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र यस ऐन तथा प्रचलित कानुन बमोजिम कर, शुल्क, दस्तुर वा कुनै पनि वित्तीय दायित्व बहन गर्नुपर्ने व्यक्ति, फर्म, कम्पनी, सरकारी वा गैरसरकारी निकाय, संस्था वा उपभोक्ताको ब्यवस्थित पद्धति वा विद्युतीय प्रणाली मार्फत पहिचान गरी करदाताको रूपमा दर्ता गर्नेछ।

(२) राजश्व प्रशासन शाखाले करदाताको जैविक तथा व्यावसायिक विवरण खुलाई विद्युतीय प्रणालीमा करदाता दर्ता गर्नेछ र प्रत्येक करदातालाई एक अद्वितीय स्थानीय करदाता पहिचान नम्बर प्रदान गरी विद्युतीय स्रेस्ता दुरुस्त राख्नेछ।

(३) प्रशासनिक दोहोरोपन र प्रक्रियागत झन्झट अन्त्य गर्न गाउँपालिकाले प्रदान गर्ने स्थानीय करदाता पहिचान नम्बरलाई सङ्घीय सरकारको स्थायी लेखा नम्बर वा राष्ट्रिय परिचयपत्र सँग अन्तर-आबद्ध गर्न सक्नेछ। करदाताले गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर तथा गैर कर राजश्वका लागि सोही एउटै करदाता पहिचान नम्बर कायम हुनेछ।

(४) गाउँपालिका क्षेत्रभित्र घरजग्गा नामसारी, व्यवसाय दर्ता, इजाजत वा कुनै पनि सिफारिस जारी गर्दा राजश्व शाखाले सम्बन्धित व्यक्ति वा संस्था यस दफा बमोजिम करदाता प्रणालीमा दर्ता भए/नभएको सुनिश्चित गरी सेवा प्रवाह गर्नु पर्नेछ।

**३४. करदाताको कानुनी दायित्वः** यस ऐन तथा प्रचलित कानुन बमोजिम गाउँपालिकालाई राजश्व बुझाउनु पर्ने कर्तव्य भएका प्रत्येक करदाताको दायित्व देहाय बमोजिम हुनेछः—

(क) आफ्नो कर योग्य सम्पत्ति, आय, व्यवसाय वा क्रियाकलाप प्रारम्भ हुनु अगावै वा तोकिएको समयभित्र आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) आफ्नो सम्पत्ति, बहाल, व्यवसाय वा कारोबारको वास्तविक र वस्तुनिष्ठ विवरण तोकिएको म्यादभित्र बुझाउने,

(ग) गाँउ सभाबाट स्वीकृत आर्थिक ऐन बमोजिम लाग्ने कर, शुल्क, दस्तुर, बक्यौता, जरिवाना वा ब्याज निर्धारित समय सीमाभित्र बुझाउने,

(घ) आफ्नो व्यवसाय वा आर्थिक कारोबारको लेखा, हिसाबकिताब, बिल-बीजक र कानुनी अभिलेखहरू प्रचलित मापदण्ड बमोजिम दुरुस्त राख्ने र माग गरिएको बखत पेस गर्ने,

(ङ) कर परीक्षण स्थलगत निरीक्षण वा विवरण जाँचबुझका क्रममा कर अधिकृत वा अख्तियारप्राप्त कर्मचारीले मागेको सूचना, तथ्याङ्क र स्पष्टीकरण तोकिएको समयभित्र उपलब्ध गराउने,

(च) गाउँपालिकाको राजश्व प्रणाली र सुशासन प्रवर्द्धनका कार्यमा आवश्यक प्रशासनिक सहयोग गर्ने।

**३५. करदाताको कानुनी अधिकारः** यस ऐन बमोजिम करको दायित्व वहन गर्ने करदातालाई देहाय बमोजिमका कानुनी अधिकारहरू सुरक्षित रहनेछन्ः—

(क) **समान र सम्मानजनक व्यवहारको अधिकारः** राजश्व प्रशासनका अधिकारी वा कर्मचारीबाट निष्पक्ष, पारदर्शी, पूर्वाग्रहरहित र सम्मानजनक व्यवहार पाउने,

(ख) **सूचना तथा शिक्षाको अधिकारः** करको आधार, दर, छुट, भुक्तानी प्रक्रिया र राजश्व उपयोग सम्बन्धी आधिकारिक सूचना सरल र स्पष्ट भाषामा प्राप्त गर्ने,

(ग) **प्राकृतिक न्याय र सुनुवाइको अधिकारः** कर निर्धारण, जरिवाना वा कानुनी कारबाही गर्नु अघि आफ्नो सफाइ वा प्रमाण पेस गर्ने उचित र पर्याप्त अवसर पाउने,

(घ) **गोपनीयताको अधिकारः** कर प्रशासनको क्रममा करदाताले पेस गरेका व्यावसायिक रणनीति, वित्तीय विवरण र व्यक्तिगत तथ्याङ्कहरूको गोपनीयता प्रचलित कानुन बमोजिम कायम रहने (सार्वजनिक वा न्यायिक अनुसन्धानको प्रयोजन बाहेक अन्यत्र प्रयोग नहुने),

(ङ) **कानुनी प्रतिनिधित्व र परामर्शको अधिकारः** कर सम्बन्धी मामिलामा आफ्नो प्रतिरक्षा वा परामर्शका लागि कानुन व्यवसायी, चार्टर्ड एकाउन्टेन्ट वा रजिष्टर्ड लेखा परीक्षक नियुक्त गर्ने,

(च) **पुनरावलोकन र पुनरावेदनको अधिकारः** कर अधिकृतले गरेको कर निर्धारण वा जरिवानाको निर्णय चित्त नबुझेमा कार्यविधि बमोजिम स्थानीय राजश्व परामर्श समिति वा तोकिएको न्यायिक/प्रशासनिक निकायमा पुनरावलोकन वा पुनरावेदन गर्ने।

**३६. करदाताको प्रतिनिधित्व र प्रमाणीकरणः** (१) करदाताले यस ऐन बमोजिम गर्नु पर्ने कार्यका लागि वा कर प्रशासनको रोहवरमा उपस्थित हुनका लागि देहाय बमोजिमका व्यक्तिलाई आफ्नो आधिकारिक प्रतिनिधि नियुक्त गर्न सक्नेछः—

(क) करदाताको एकाघरको अठार वर्ष उमेर पूरा भएको सदस्य,

(ख) संस्था, फर्म वा कम्पनीको हकमा प्रमुख कार्यकारी, प्रबन्धक वा मुख्य हिस्सेदार,

(ग) करदाताले लिखित रूपमा अख्तियारी दिएको निजको कानुन व्यवसायी, चार्टर्ड एकाउन्टेन्ट, वा लेखा परीक्षक।

(२) उपदफा (१) बमोजिम नियुक्त आधिकारिक प्रतिनिधिले कर प्रशासनको रोहवरमा व्यक्त गरेको प्रतिबद्धता, पेस गरेको विवरण, वा हस्ताक्षर गरेको कागजात करदाता स्वयमले गरेको सरह कानुनी रूपमा बाध्यकारी हुनेछ।

## परिच्छेद — ८
## विवरण दाखिला तथा जरिवाना सम्बन्धी व्यवस्था

**३७. कर विवरण दाखिलाको आदेश र म्याद थप सम्बन्धी व्यवस्थाः** (१) यस ऐन वा प्रचलित कानुन बमोजिम कर बुझाउने दायित्व भएको कुनै पनि करदाताले तोकिएको म्यादभित्र आफ्नो कर विवरण दाखिला नगरेमा वा पेस गरेको विवरणमा तथ्यगत गम्भीर भिन्नता वा कर छल्ने नियत रहेको शङ्का गर्ने मनासिब कानुनी आधार र कारण भएमा, कर अधिकृतले सोको स्पष्ट आधार खुलाई लिखित वा विद्युतीय माध्यमबाट कर विवरण पेस गर्न आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त गर्ने करदाताले सो आदेश जारी भएको वा तामेल भएको मितिले तीस दिनभित्र तोकिएको ढाँचामा सत्य र तथ्यपरक विवरण राजश्व प्रशासन शाखामा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित म्यादभित्र काबु बाहिरको परिस्थिति वा मनासिब कारणले गर्दा कर विवरण दाखिला गर्न असमर्थ भई करदाताले म्याद समाप्त हुनु अगावै कारण र प्रमाण सहित म्याद थपका लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले सोको औचित्य र गम्भीरता जाँचबुझ गरी बढीमा पन्ध्र दिन सम्मको म्याद थप गर्न सक्नेछ। यसरी थप गरिएको म्यादभित्र पनि विवरण दाखिला नगरेमा स्वतः जरिवाना र हर्जानाको कानुनी प्रक्रिया आकर्षित हुनेछ।

**३८. कर विवरण परिमार्जन र भूल सुधार सम्बन्धी कानुनी सुविधाः** (१) यस परिच्छेद वा यस ऐनका अन्य व्यवस्था बमोजिम करदाताले विवरण दाखिला गरिसकेपछि, उक्त विवरणमा कुनै असावधानीवश तथ्यगत त्रुटि, टाइपिङ गल्ती वा गणितीय भूल हुन गएको स्वयं फेला पारेमा, करदाताले सो सम्बन्धी ठोस प्रमाण वा पुस्ट्याइँ गर्ने कागजात संलग्न गरी पहिलो पटक विवरण दाखिला गरेको मितिले नब्बे दिनभित्र विवरण सच्याउनका लागि राजश्व शाखामा विद्युतीय वा भौतिक निवेदन पेस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन र पेस गरिएका प्रमाणहरूको हकमा कर अधिकृतले आवश्यक आन्तरिक जाँचबुझ गर्नेछ। यसरी जाँचबुझ गर्दा करदाताको दाबी मनासिब देखिएमा र त्यस्तो सशोधनबाट करको मूल दायित्व संकुचन गर्ने वा कर छल्ने बदनियत नदेखिएमा, निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा विवरण सच्याउन अनुमति दिइनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, कर अधिकृतले करदाताको कर परीक्षण वा स्थलगत निरीक्षण कार्य प्रारम्भ गरिसकेको वा कर निर्धारणको अन्तिम आदेश जारी भइसकेको अवस्थामा करदाताले साबिकमा पेस गरेको विवरण सच्याउने दाबी गर्न पाउने छैन।

## परिच्छेद — ९
## कर निर्धारण तथा सूचना सम्बन्धी व्यवस्था

**३९. कर निर्धारण र कर परीक्षण सम्बन्धी व्यवस्थाः** (१) करदाताले यस ऐन बमोजिम गाउँपालिकामा पेश गरेको करयोग्य सम्पत्ति / ब्यबसाय / आय विवरण वा स्वयं घोषणा गरेको विवरण र वार्षिक आर्थिक ऐनले तोकेको दरका आधारमा कर अधिकृतले प्रत्येक करदाताले भुक्तानी गर्नुपर्ने वास्तविक करको निर्धारण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्था विद्यमान भएमा कर अधिकृतले जोखिममा आधारित कर परीक्षण गराई संशोधित वा संक्षिप्त कर निर्धारण गर्न सक्नेछः—

(क) करदाताले तोकिएको कानुनी म्यादभित्र कर विवरण दाखिला नगरेमा,

(ख) करदाताले राखेको खातापाता, लेखा, हरहिसाब वा लेखापरीक्षण प्रतिवेदन प्रचलित कानुनी मापदण्ड बमोजिम दुरुस्त र विश्वसनीय नदेखिएमा,

(ग) कर छल्ने वा करको दायित्व न्यून गर्ने बदनियतले गलत, अपूर्ण वा झुट्टा कागजात/विवरण संलग्न गरेको डिजिटल वा भौतिक रूपमा प्रमाणित भएमा,

(घ) करदाताले आफ्नो वास्तविक आर्थिक कारोबार वा सम्पत्तिको बजार मूल्य लुकाई करको दायित्व कम देखाएको विश्वास गर्ने मनासिब कानुनी आधार भएमा,

(ङ) यस ऐन तथा प्रचलित कानुन बमोजिम कर छुट वा मिनाहा पाउने कानुनी योग्यता नभएका विषय वा क्षेत्रमा समेत अवैध रूपमा कर छुटको दाबी गरेमा।

(३) उपदफा (२) बमोजिम संशोधित वा संक्षिप्त कर निर्धारण गर्नु अघि कर अधिकृतले करदातालाई प्राकृतिक न्यायको सिद्धान्त बमोजिम कर निर्धारण गर्नु पर्ने स्पष्ट आधार र कारण खुलाई आफ्नो सफाइ वा स्पष्टीकरण पेस गर्न पन्ध्र दिनको लिखित वा विद्युतीय सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त गर्ने करदाताले तोकिएको म्यादभित्र आफ्ना प्रमाण वा पुस्ट्याइँ सहित लिखित वा अनलाइन माध्यमबाट स्पष्टीकरण पेस गर्नु पर्नेछ। करदाताले म्यादभित्र स्पष्टीकरण पेस गरेमा सोको वस्तुनिष्ठ मूल्याङ्कन गरी र म्यादभित्र स्पष्टीकरण पेस नगरेमा कार्यालयमा उपलब्ध प्रमाण, स्थलगत निरीक्षण प्रतिवेदन र प्राविधिक सूचकका आधारमा कर अधिकृतले अन्तिम कर निर्धारण आदेश जारी गर्नेछ।

**४०. कर निर्धारणको आधिकारिक सूचना र बीजक :** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएपछि करदाताले भुक्तानी गर्नुपर्ने कुल कर रकम, हर्जाना वा जरिवाना भए सो समेत, कर बुझाउने स्थान, समय सीमा र गाउँपालिकाको तोकिएको बैंक खाता नम्बर स्पष्ट रूपमा उल्लेख भएको कर निर्धारण आदेश वा माग पत्र जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना करदातालाई कानुनी रूपमा आबद्ध गर्ने गरी देहायका माध्यमबाट सम्प्रेषण गरिनेछः —

(क) गाउँपालिकाको राजश्व सफ्टवेयर प्रणालीबाट स्वचालित रूपमा उत्पन्न डिजिटल कर बीजक जारी गरी,
(ख) करदाताले दर्ताको समयमा उपलब्ध गराएको आधिकारिक इमेल वा मोबाइल नम्बरमा एस्.एम्.एस्. वा अन्य स्वीकृत डिजिटल माध्यमबाट विद्युतीय सूचना पठाई,
(ग) करदाताको व्यावसायिक स्थल वा निवासमा पत्र तामेल गरी वा निजको आधिकारिक प्रतिनिधि/वारिसलाई बुझाई।
(३) यस दफा बमोजिम विद्युतीय माध्यमबाट पठाइएको कर निर्धारणको सूचना करदाताले प्राप्त गरेको मानिनेछ र सोही मितिदेखि नै कर भुक्तानीको कानुनी समय सीमा गणना प्रारम्भ हुनेछ।

## परिच्छेद -१०
## कर दाखिला, असुली तथा प्रवर्तन सम्बन्धी व्यवस्था

**४१. कर दाखिलाको म्याद र माध्यमः** (१) करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर तथा गैर कर राजश्व सम्बन्धित परिच्छेदहरू वा वार्षिक आर्थिक ऐनमा तोकिएको समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र अनिवार्य रूपमा दाखिला गरिसक्नु पर्नेछ।
(२) राजश्व प्रशासनलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाउन करदाताले गाउँपालिकाको एकीकृत राजश्व सफ्टवेयरसँग आबद्ध विद्युतीय भुक्तानी प्रणाली वा गाउँपालिकाले तोकेको बैंक खातामा सिधै कर दाखिला गर्नु पर्नेछ।
(३) उपदफा (२) बमोजिम डिजिटल वा बैंक मार्फत कर दाखिला हुनासाथ करदाताको प्रणालीमा दर्ता भएको मोबाइल नम्बर र इमेलमा स्वचालित रूपमा डिजिटल रसिद वा प्रमाणीकरण सङ्केत प्राप्त हुनेछ, जसलाई कानुनी रूपमा आधिकारिक कर चुक्ता भरपाई मानिनेछ।
**४२. विशेष परिस्थितिमा किस्ताबन्दीको सुविधाः** (१) कुनै करदाताले काबु बाहिरको परिस्थिति वा गम्भीर आर्थिक सङ्कटका कारण आफूमा लागेको वार्षिक सम्पत्ति कर वा व्यवसाय कर जस्तो ठुलो परिमाणको कर एकै पटक चुक्ता गर्न नसक्ने भनी स्पष्ट कारण र प्रमाण सहित म्याद समाप्त हुनु अगावै निवेदन दिएमा, कर अधिकृतले सोको प्राविधिक जाँचबुझ गर्नेछ।
(२) उपदफा (१) बमोजिमको निवेदनको औचित्य पुष्टि भएमा, कर अधिकृतको प्रतिवेदन र प्रमुख प्रशासकीय अधिकृतको लिखित आदेशद्वारा सम्बन्धित आर्थिक वर्षभित्रै चुक्ता हुने गरी बढीमा तीन किस्तामा कर दाखिला गर्ने विशेष सुविधा प्रदान गर्न सकिनेछ।

उल्लिखित बमोजिम किस्ताबन्दीको सुविधा प्राप्त गरेको करदाताले तोकिएको समयसीमा भित्र किस्ता रकम भुक्तानी नगरेमा त्यस्तो सुविधा स्वतः खारेज हुनेछ र बाँकी बक्यौता रकममा साविक बमोजिमकै जरिवाना तथा हर्जाना लाग्नेछ।

**४३. बक्यौता कर असुलीका कडा कानुनी उपायहरू :** (१) यस ऐनमा तोकिएको म्याद समाप्त हुँदा र पटक-पटक ताकेता गर्दा पनि कर, गैर कर राजश्व वा जरिवाना बापतको बक्यौता रकम दाखिला नगर्ने अटेरी वा कर छल्ने करदाताको हकमा, कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायका कानुनी उपायहरू अपनाई बक्यौता राजश्व असुलउपर गर्नेछः—

(क) करदाताले गाउँपालिकाबाट कुनै पनि शीर्षकमा फिर्ता पाउने रकम (धरौटी वा भुक्तानी) भए सोही रकमबाट कट्टी गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा सरकारी स्वामित्वका सङ्घसंस्था, सार्वजनिक निकाय वा बैंक तथा वित्तीय संस्थाबाट करदाताले पाउने रकम वा निजको बैंक खातामा रहेको नगद मौज्दात रोक्का राखी सोही रकमबाट कट्टी गर्न लगाएर,

(ग) करदाताले सञ्चालन गरेको व्यवसाय, उद्योग वा व्यापारिक कारोबारको इजाजत निलम्बन गरी भौतिक वा कानुनी रूपमा कारोबार रोक्का गरेर,

(घ) करदाताको स्वामित्वमा रहेको चल तथा अचल सम्पत्ति मालपोत कार्यालय मार्फत रोक्का राख्न लेखी पठाई कार्यपालिकाको निर्णय बमोजिम त्यस्तो सम्पत्ति जफत वा कब्जा गरेर।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सम्पत्ति जफत गरिसक्दा पनि करदाताले बक्यौता चुक्ता नगरेमा, गाउँपालिकाले प्रचलित कानुनको रीत पुऱ्याई सर्वसाधारणका लागि पैंतीस दिने सार्वजनिक सूचना जारी गरी सो सम्पत्ति लिलाम बिक्री गरी आफ्नो कर, ब्याज र जरिवाना बापतको रकम असुल गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम लिलामको कारबाही वा बोलपत्र प्रक्रिया सुरु भइसकेपछि लिलाम सम्पन्न हुनु अगावै यदि करदाताले सम्पूर्ण बक्यौता कर, ब्याज र जरिवाना बुझाउन चाहेमा, निजले सो बक्यौता रकममा थप पाँच प्रतिशत प्रशासनिक शुल्क बुझाएमा मात्र लिलामको कारबाही स्थगन गरिनेछ।

(४) लिलाम बिक्रीबाट प्राप्त भएको कुल रकमबाट गाउँपालिकाले आफ्नो कर बक्यौता, जरिवाना, ब्याज र लिलाम गर्दा लागेको वास्तविक प्रशासनिक खर्च कट्टी गरी बाँकी रहन आउने बचत रकम भएमा, सो रकम साठी दिनभित्र सम्बन्धित सम्पत्ति धनी /करदाताको प्रमाणित बैंक खातामा फिर्ता पठाइनेछ।

**४४. कर परीक्षण र संशोधित कर निर्धारणः** (१) परिच्छेद ९ को दफा ३९ बमोजिम करदाताले पेस गरेको विवरण वा स्वयं कर निर्धारण संदेहास्पद, अपूर्ण वा झुट्टा रहेको कानुनी आधार देखिएमा, प्रमुख प्रशासकीय अधिकृतको लिखित आदेशद्वारा तोकिएको कर अधिकृत वा विशेष टोलीले जुनसुकै बखत करदाताको व्यवसायिक स्थल, खातापाता र वित्तीय स्रेस्ताको विस्तृत कर परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कर परीक्षणका क्रममा देहायका त्रुटि फेला परेमा कर अधिकृतले पुनः संशोधित कर निर्धारण आदेश जारी गर्नेछः—

(क) करदाताले कानुन बमोजिम राख्नु पर्ने हिसाबकिताब वा बिल-बीजकको अभिलेख दुरुस्त नराखेको,

(ख) कर उन्मुक्ति वा कर छली गर्ने नियतले कृत्रिम वा झुट्टा कागजात पेस गरेको,

(ग) ऐनको गलत व्याख्या गरी कर छुट वा मिनाहाको अवैध दाबी गरेको।

(३) उपदफा (२) बमोजिम पुनः संशोधित कर निर्धारण गर्नु अघि, कर अधिकृतले करदातालाई आफ्नो सफाइ र कानुनी प्रमाण पेस गर्न पन्ध्र दिनको लिखित वा विद्युतीय माध्यमबाट सूचना दिनु पर्नेछ।

(४) करदाताले तोकिएको पन्ध्र दिनको म्यादभित्र स्पष्टीकरण पेस गरेमा सोको कानुनी तथा वित्तीय मूल्याङ्कन गरी, र स्पष्टीकरण पेस नगरेमा वा म्याद नाघेमा उपलब्ध प्रमाण एवं कर परीक्षण प्रतिवेदनका आधारमा कर अधिकृतले अन्तिम संशोधित कर निर्धारण गरी जरिवाना सहितको माग दाबी पत्र जारी गर्नेछ।

## परिच्छेद-११
## कर फिर्ता, कर कट्टी र समायोजन सम्बन्धी व्यवस्था

**४५. कर फिर्ता सम्बन्धी व्यवस्थाः** (१) कुनै करदाताले गणितीय वा प्राविधिक त्रुटिका कारण वा संशोधित कर निर्धारणको परिणामस्वरुप यस ऐन र आर्थिक ऐन बमोजिम लाग्ने वास्तविक दायित्व भन्दा बढी कर, शुल्क वा जरिवाना दाखिला गरेको प्रमाणित भएमा, त्यस्तो बढी दाखिला भएको रकम फिर्ता पाउन गाउँपालिकामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर फिर्ता पाउनका लागि करदाताले आफूले बढी कर बुझाएको प्रमाणित गर्ने डिजिटल वा भौतिक रसिद, बैंक स्टेटमेन्ट र कानुनी आधार संलग्न गरी सम्बन्धित आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र राजश्व प्रशासन महाशाखा/शाखामा निवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र प्रमाणहरूको हकमा कर अधिकृतले आवश्यक प्राविधिक तथा वित्तीय जाँचबुझ गर्नेछ। यसरी जाँचबुझ गर्दा करदाताको दाबी मनासिब ठहरिएमा, कर अधिकृतको प्रतिवेदन र प्रमुख प्रशासकीय अधिकृतको कानुनी स्वीकृतिमा निवेदन परेको पन्ध्र दिनभित्र बढी भएको रकम करदाताको प्रमाणित बैंक खातामा विद्युतीय माध्यमबाट  माध्यम बाट फिर्ता पठाइनेछ।

**४६ सञ्चित कोष र राजश्व खाता सम्बन्धी विशेष व्यवस्थाः** यस दफा बमोजिम करदातालाई बढी भएको कर रकम फिर्ता गर्दा बजेटको खर्च शीर्षक वा रकमान्तर  को आवश्यकता पर्ने

छैन। यस्तो रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला भइसकेको भए सोही कोषको राजश्व आम्दानी शीर्षकबाट सिधै डेबिट गरी फिर्ता गरिनेछ।

**४७. कर समायोजन र कर क्रेडिट सम्बन्धी व्यवस्थाः** (१) दफा ४८ बमोजिम करदाताले फिर्ता पाउनु पर्ने ठहरिएमा रकम नगदमा रकम फिर्ता लिनुको सट्टा निजले सोही वा आगामी आर्थिक वर्षमा गाउँपालिकालाई बुझाउनु पर्ने अन्य कुनै कर वा गैर कर राजश्वको दायित्वमा मिलान वा समायोजन गर्नका लागि राजश्व शाखामा विकल्प रोज्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम करदाताले समायोजनको विकल्प रोजेमा वा करदाताको नाममा पूर्ववत् कुनै अन्य कर बक्यौता वा जरिवाना बाँकी रहेको देखिएमा, कर अधिकृतले फिर्ता हुन ठहरिएको रकमबाट सर्वप्रथम त्यस्तो बक्यौता कट्टी गर्नेछ।

(३) उपदफा (२) बमोजिम बक्यौता कट्टी गरी बाँकी रहन आएको रकम भएमा, कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई निवेदन प्राप्त भएको ७ (सात) दिनभित्र करदाताको चालू वा आगामी वर्षको कर दायित्वमा क्रेडिट समायोजन गरी सोको लिखित वा डिजिटल जानकारी करदातालाई उपलब्ध गराउनेछ।

## परिच्छेद -१२
## प्रशासकीय पुनरावलोकन,पूर्वादेश र पुनरावेदनसम्बन्धी व्यवस्था

**४८. प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थाः** (१) कर अधिकृतबाट यस ऐन बमोजिम भएको कर निर्धारण, पुनः कर निर्धारण, संशोधित कर निर्धारण, जरिवाना वा हर्जाना लगाउने निर्णय उपर चित्त नबुझ्ने करदाताले त्यस्तो कर निर्धारण आदेश वा सूचना तामेल भएको मितिले तीस दिनभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको स्थानीय राजश्व परामर्श समिति समक्ष प्रशासकीय पुनरावलोकनका लागि तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने करदाताले विवादित कर रकमको निर्विवादित भाग र विवादित कर, जरिवाना तथा हर्जाना रकमको एक तिहाइ रकम धरौटी बापत गाउँपालिकाको सरकारी धरौटी खातामा अनिवार्य जम्मा गरेको बैंक भौचर संलग्न गर्नु पर्नेछ। यस्तो धरौटी दाखिला नभएको निवेदन कानुनी रूपमा दर्ता हुने छैन।

(३) उपदफा (१) बमोजिम परेको निवेदन उपर स्थानीय राजश्व परामर्श समितिले करदाता र कर अधिकृत दुवै पक्षको भनाइ र प्रमाणहरू जाँचबुझ गरी निवेदन दर्ता भएको तीस कार्य दिनभित्र निर्णय गरी कारबाही किनारा लगाउनु पर्नेछ। समितिले कर अधिकृतको निर्णयलाई सदर गर्ने, बदर गर्ने वा आंशिक संशोधन गर्ने गरी निर्णय गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रशासकीय पुनरावलोकन प्रक्रिया समाप्त भएपछि करदाताले तिर्नुपर्ने ठहरिएको कर रकममा निजले राखेको धरौटी रकम समायोजन गरिनेछ। यदि कर अधिकृतको निर्णय बदर भई करदाताले कर तिर्नु नपर्ने ठहरेमा, निजले राखेको धरौटी रकम सो निर्णय भएको १५ (पन्ध्र) दिनभित्र करदाताको बैंक खातामा सिधै फिर्ता गरिनेछ।

**४९. कर सम्बन्धी पूर्वादेश :** (१) यस ऐन वा आर्थिक ऐन बमोजिम लाग्ने कुनै करको दायित्व, कराधार वा कानुनको व्याख्याको विषयमा कुनै गम्भीर द्विविधा भएमा, करदाताले सम्बन्धित करको विवरण बुझाउने वा कर निर्धारण हुनु अगावै स्पष्ट व्याख्याका लागि कारण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष लिखित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा, प्रमुख प्रशासकीय अधिकृतले कानुन शाखा र राजश्व शाखाको संयुक्त प्राविधिक प्रतिवेदनका आधारमा निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र स्पष्ट कानुनी व्याख्या सहितको कर पूर्वादेश जारी गर्न सक्नेछ। यसरी जारी गरिएको पूर्वादेश सम्बन्धित करदाताको सोही आर्थिक वर्षको कारोबारका हकमा गाउँपालिकाका लागि बाध्यकारी हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि करदाताको कर परीक्षण सुरु भइसकेको वा कर निर्धारणको आदेश जारी भइसकेको वा अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइसकेको विषयमा यस दफा बमोजिमको पूर्वादेश जारी गरिने छैन।

**५०. अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्थाः** (१) दफा ४९ बमोजिम स्थानीय राजश्व परामर्श समितिले गरेको प्रशासकीय पुनरावलोकनको निर्णय उपर चित्त नबुझ्ने पक्ष (करदाता वा गाउँपालिका दुवै) ले सो निर्णयको आधिकारिक प्रमाणित प्रतिलिपि प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दर्ता गर्न सक्नेछ।

(२) स्थानीय राजश्व परामर्श समितिले उपदफा (३) मा तोकिएको तीस कार्यदिनको म्यादभित्र निर्णय नदिएमा वा निर्णय दिन इन्कार गरेमा उक्त म्याद समाप्त भएको मितिले साठी दिनभित्र करदाताले सिधै जिल्ला अदालतमा पुनरावेदन दिन बाधा पर्ने छैन।

(३) यस दफा बमोजिम अदालतमा पुनरावेदन दर्ता गर्दा करदाताले दफा ४८ को उपदफा (२) बमोजिम राखिसकेको धरौटी रकम बाहेक ठहरिएको बाँकी कुल कर र जरिवाना रकम बराबरको थप धरौटी वा बैंक जमानत गाउँपालिकाको राजश्व खाता वा अदालतको स्रेस्तामा अनिवार्य रूपमा पेस गर्नु पर्नेछ। जिल्ला अदालतले गरेको निर्णय यस ऐनको प्रयोजनका लागि अन्तिम हुनेछ।

## परिच्छेद -१३
## अन्तर-सरकारी समन्वय तथा प्रणालीगत आबद्धता

**५१. अन्तर-सरकारी समन्वय र एकीकृत राजश्व प्रशासन :** (१) प्रचलित कानुनको अधीनमा रही गाउँपालिकाले कर तथा गैर कर राजश्वको, दर निर्धारण र असुली प्रक्रियामा सङ्घ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गर्नेछ।

(२) राजश्व प्रशासनलाई चुस्त बनाउन, लागत न्यूनीकरण गर्न र दोहोरो करको भारबाट करदातालाई जोगाउन गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी राजश्व सङ्कलनमा एकद्वार प्रणाली अवलम्बन गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफाको प्रयोजनका लागि नेपालको संविधानको अनुसूची-९ र प्रचलितकानुन बमोजिम सङ्घ/प्रदेशसँग बाँडफाँड हुने राजश्वका क्षेत्रहरू जस्तैः विज्ञापन कर, सवारी साधन कर, प्राकृतिक स्रोतको सङ्कलन, बाँडफाँड र सञ्चालन विधिको हकमा सङ्घ वा प्रदेश सरकारका आधिकारिक निकायहरूसँग सम्झौता वा कार्यविधि बनाई एकीकृत रूपमा कर सङ्कलन गर्न बाधा पर्ने छैन। यसरी समन्वय भई मन्जुर गरिएका सर्त र व्यवस्थाहरू यसै ऐन बमोजिम भए सरह लागु हुनेछन्।

**५२. वित्तीय प्रणाली र केन्द्रीय बैंकसँगको समन्वयः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन हुने कर तथा गैर कर राजश्व प्रणालीलाई सुरक्षित, पूर्ण रूपमा डिजिटल बनाउन नेपालको केन्द्रीय बैंक वा सो बैंकबाट इजाजतप्राप्त भुक्तानी सेवा प्रदायक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय गर्नेछ।

(२) गाउँपालिकाले डिजिटल भुक्तानीको एकीकृत राष्ट्रिय गेटवे सँग स्थानीय राजश्व प्रणालीलाई आबद्ध गर्नेछ, जसले गर्दा करदाताले जुनसुकै बैंक वा डिजिटल माध्यमबाट तिरेको कर सिधै गाउँपालिकाको स्थानीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था सुनिश्चित हुनेछ।

**५३. डाटा आदानप्रदान र अन्तर-आबद्धता :** (१) करको दायरा विस्तार गर्न, कर छली रोक्न र करदाताको सही पहिचान गर्न गाउँपालिकाले नेपाल सरकारको आन्तरिक राजश्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, उद्योग वाणिज्य सङ्घ तथा अन्य सरकारी एवं गैरसरकारी निकायहरूसँग सूचना प्रविधिको माध्यमबाट करदाताको तथ्याङ्क आदानप्रदान गर्नेछ।

(२) स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखाले सङ्कलन गर्ने राजश्वको विवरण र आर्थिक लेखा प्रणालीलाई नेपाल सरकारले तोकेको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीसँग अनिवार्य रूपमा आबद्ध गर्नु पर्नेछ।

**५४. कार्यान्वयन र बाधा अड्काउ फुकाउने अधिकारः** यस परिच्छेद बमोजिम अन्य सरकारी, प्रादेशिक वा वित्तीय निकायहरूसँग समन्वय गरी कर प्रशासन सञ्चालन गर्दा आइपर्ने व्यावहारिक वा प्राविधिक कठिनाइ निवारणका लागि गाउँ कार्यपालिकाले प्रचलित सङ्घीय वा प्रदेश कानुनको विपरीत नहुने गरी विशेष कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद — १४
## ठेक्का, सार्वजनिक निजी साझेदारी तथा सम्पत्ति व्यवस्थापन

**५५. आय ठेक्का बन्दोबस्त सम्बन्धी सीमा र व्यवस्थाः** (१) कर प्रशासनको विश्वव्यापी मान्यता, वित्तीय सुशासन र करदाताको गोपनीयता संरक्षणको सिद्धान्त अनुरूप गाँउपालिकाले आफ्नो मुख्य कार्यक्षेत्र भित्र पर्ने सम्पत्ति कर, भूमिकर, व्यवसाय कर वा यस्तै अन्य प्रकृतिका कुनै पनि कर सङ्कलन गर्ने कार्य निजी क्षेत्रलाई ठेक्का बन्दोबस्त वा हस्तान्तरण गर्ने छैन। त्यस्तो कर सङ्कलनको कार्य गाँउपालिकाले आफैं वा विद्युतीय प्रणाली मार्फत मात्र गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाँउपालिकाले आफैं जनशक्ति परिचालन गरी प्रत्यक्ष सङ्कलन गर्न प्राविधिक वा व्यावहारिक रूपमा कठिन हुने देहायका शुल्क, दस्तुर वा गैर-कर राजश्वका हकमा भने वार्षिक आर्थिक ऐन र कार्यपालिकाले स्वीकृत गरेको कार्यविधिको अधीनमा रही खुला प्रतिस्पर्धात्मक बोलपत्र मार्फत निश्चित अवधिका लागि ठेक्का बन्दोबस्त गर्न बाधा पर्नेछैनः—

(क) स्वीकृत क्षेत्रबाट सङ्कलन हुने जडीबुटी, कवाडी वा जीवजन्तु सम्बन्धी सङ्कलन शुल्क वा दस्तुर,

(ख) गाँउपालिकाको स्वामित्वमा रहेका वा गाँउपालिकाले निर्माण, मर्मत र व्यवस्थापन गरेका हाटबजार, पशु बजार वा मनोरञ्जन पार्क उपयोग शुल्क,
(ग) गाउँ कार्यपालिकाले तोकेका स्थानमा लिइने सवारी पार्किङ शुल्क, (घ) बाह्य विज्ञापनको व्यवस्थापन र सो बापत लाग्ने विज्ञापन शुल्क वा दस्तुर।
(३) उपदफा (२) बमोजिम ठेक्का बन्दोबस्त गरिएको अवस्थामा ठेकेदारले करदाता वा उपभोक्तासँग कार्यपालिकाले तोकेको स्वीकृत दररेट भन्दा बढी शुल्क असुल गर्न पाउने छैन। स्वीकृत दररेट भन्दा बढी शुल्क असुल गरेमा वा उपभोक्तालाई अनावश्यक हैरानी दिएमा नगरपालिकाले त्यस्तो ठेक्का सम्झौता जुनसुकै समयमा रद्द गरी धरौटी जफत गर्न र प्रचलित कानुन बमोजिम कारबाही गर्न सक्नेछ।

**५६. प्राकृतिक स्रोत/दहत्तर बहत्तर सम्बन्धी विशेष व्यवस्थाः** नेपालको संविधान, वातावरण संरक्षण ऐन, २०७६ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ प्रचलित कानुनको अधिनमा रही  नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा, माटो को उत्पादकत्व र बिक्री वितरणको आय ठेक्का बन्दोबस्त गर्दा देहायका सर्तहरू अनिवार्य रूपमा पालना गर्नु पर्नेछः—
(क) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको सिमा, परिमाण, स्थान र विधिको पूर्ण पालना भएको हुनुपर्ने,
(ख) यस्तो ठेक्का प्रदेश कानुनले तोकेको ढाँचा र म्यादमा मात्र हुनुपर्ने र सङ्कलित राजश्वको निर्धारित हिस्सा साठी प्रतिशत स्थानीय तह र चालिस प्रतिशत प्रदेश सरकार प्रदेश सञ्चित कोषमा नियमानुसार जम्मा गर्नुपर्ने,
(ग) वातावरणीय सन्तुलनमा खलल पुग्ने गरी उपकरण प्रयोग गर्न पूर्ण प्रतिबन्ध लगाइनेछ।
(४) उपदफा (२) बमोजिमका सेवा शुल्क र दस्तुरको ठेक्का सामान्यतया एक आर्थिक वर्षका लागि मात्र गरिनेछ।
तर, गाउँपालिकाको हित अनुकूल उच्च आय सुनिश्चित हुने र प्रशासनिक लागत घट्ने ठोस पुस्ट्याइँ भएमा, सार्वजनिक खरिद ऐनको अधीनमा रही कार्यपालिकाको विशेष निर्णयबाट बढीमा तीन वर्षका लागि सम्झौता गर्न बाधा पर्ने छैन।
(५) यस दफा बमोजिमको आय ठेक्कामा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरी कर चुक्ता गरेका फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्न पाउनेछन्।
(६) संघीय सरकार/प्रदेश सरकार वा अन्तर्गतका निकायबाट सहमति लिनुपर्ने अवस्थामा सहमति प्राप्त भए पश्चात मात्र ठेक्का प्रक्रिया अगाडी बढाउनु पर्नेछ।
**५७. सम्झौता, कार्यसम्पादन जमानत र पट्टाः** (१) आय ठेक्का स्वीकृत भएपछि ठेकेदारसँग स्वीकृत सार्वजनिक खरिदको मापदण्ड अनुरूप विस्तृत सर्तहरू, किस्ता बुझाउने तालिका र अवधि खुलाएर लिखित सम्झौता गरी कार्य आदेश वा पट्टा जारी गरिनेछ।

(२) उपदफा (१) बमोजिम ठेक्का सम्झौता गर्दा ठेकेदारबाट कुल ठेक्का अङ्कको कम्तीमा पाँच प्रतिशत रकम बराबरको कार्यसम्पादन जमानत वा सो बराबरको नगद धरौटी र पहिलो किस्ताको रकम अग्रिम रूपमा लिनु पर्नेछ।

**५८. उपभोक्ता हित संरक्षण र ठेक्का खारेजी सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि ठेकेदारले गाउँपालिकाले तोकेको आधिकारिक दर भन्दा बढी रकम असुल गरेमा, सम्झौता नगरिएका क्षेत्र वा वस्तुमा जबरजस्ती कर उठाएमा वा सर्वसाधारणलाई दुःख दिएको प्रमाणित भएमा, कर अधिकृतले देहाय बमोजिम तत्काल कारबाही गर्नेछः—

(क) पहिलो पटकका लागि बढी असुल गरेको रकम ठेकेदारको धरौटीबाट कट्टी गरी सम्बन्धित पीडित व्यक्तिलाई फिर्ता दिइनेछ र सम्झौता बमोजिम जरिवाना गरिनेछ,

(ख) दोस्रो पटक पनि सोही कसुर दोहोऱ्याएमा वा सम्झौता बमोजिमको किस्ता तोकिएको म्यादभित्र दाखिला नगरेमा, पन्ध्र दिनको पूर्व लिखित सूचना दिई सम्झौता रद्द गरिनेछ र निजको कार्यसम्पादन जमानत जफत गरिनेछ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सम्झौता रद्द भएमा र ठेकेदारबाट गाउँपालिकालाई कुनै वित्तीय हानि नोक्सानी हुन गएमा, त्यस्तो रकम ठेकेदारको अन्य व्यक्तिगत चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ र त्यस्तो ठेकेदारलाई कालोसूचीमा राख्न सिफारिस गरिनेछ।

**५९. सार्वजनिक-निजी साझेदारी अन्तर्गतका परियोजनाको राजश्व व्यवस्थापनः** (१) गाउँपालिकाले निर्माण गरेका व्यापारिक कम्प्लेक्स, फोहोरमैला व्यवस्थापन, नवीकरणीय ऊर्जा वा पर्यटन जस्ता पूर्वाधारहरू सार्वजनिक-निजी साझेदारी मोडलमा सञ्चालन तथा ब्यबस्थापन गर्न निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछ | यस ऐन र आर्थिक ऐनको अधीनमा रही कर, शुल्क, रोयल्टी वा राजश्व बाँडफाँड सम्बन्धी व्यवस्था सम्झौतामा तोकेबमोजिम निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परियोजनाले उपभोक्ताबाट संकलन गर्ने सेवा शुल्क वा दस्तुर कार्यपालिकाको पूर्वस्वीकृति लिई सम्झौतामा उल्लेख भएबमोजिम मात्र संकलन गर्नुपर्नेछ।

(ङ) प्रचलित कानुन र गाउँ सभा वा गाँउसभाले तोकेको सीमाको अधीनमा रही, सार्वजनिक-निजी साझेदारी सम्बन्धी परियोजनाका लागि गाउँपालिकाले निजी क्षेत्रसँग गरिने सम्झौतामा उल्लेख भएबमोजिम कर वा शुल्क निर्धारण, संकलन वा छुट सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

**६०. सम्पत्ति बहाल वा भाडामा दिने व्यवस्थाः** (१) गाउँपालिकाको स्वामित्व, सार्वजनिक-निजी साझेदारी वा नियन्त्रणमा रहेका व्यापारिक सटर, भवन, जग्गा वा अन्य भौतिक सम्पत्ति प्रचलित बजार दर, भौतिक अवस्था र उपयोगिताको आधारमा कार्यपालिकाले निर्धारण गरेको न्यूनतम मूल्याङ्कन अङ्क (आधार मूल्याङ्कन अङ्क) लाई आधार मानी खुला प्रतिस्पर्धात्मक डाँक बढाबढ वा सिलबन्दी बोलपत्रको माध्यमबाट मात्र बहाल वा भाडामा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा बहालमा लिने पक्ष (बहालवाला) बाट कम्तीमा ३ (तीन) महिनाको कुल बहाल रकम बराबरको नगद वा मान्यता प्राप्त वाणिज्य बैंकको कार्यसम्पादन जमानत सुरक्षण बापत लिनु पर्नेछ। यस्तो जमानत रकम बहाल अवधि समाप्त भई दायित्व फरफारक नभएसम्म फिर्ता गरिने छैन र यसमा कुनै ब्याज लाग्ने छैन।

(३) बहाल सम्झौतामा प्रत्येक दुई वर्ष पूरा भएपछि सोभन्दा ठीक अघिल्लो महिना कायम रहेको मासिक बहाल रकममा कम्तीमा दस प्रतिशतका दरले स्वचालित रूपमा भाडा वृद्धि हुने सर्त अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ र सोका लागि छुट्टै पूरक सम्झौता गरिरहनु आवश्यक पर्ने छैन।

(४) यस दफा बमोजिम गरिने बहाल सम्झौताको अवधि एक पटकमा बढीमा १० (दश) वर्षको हुनेछ। तर, दीर्घकालीन प्रकृतिका वा उच्च लगानीका पूर्वाधार वा जग्गाको हकमा कार्यपालिकाको पूर्व स्वीकृतिको अधीनमा रही परियोजनाको प्रकृति अनुसार बढी अवधिको लागि सम्झौता गर्न बाधा पर्ने छैन। सम्झौता अवधि समाप्त भएपछि पुनः नयाँ प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउनु पर्नेछ।

(५) बहाल सम्झौता बमोजिम लाग्ने नियमानुसारको बहाल कर तथा अन्य दस्तुरहरू प्रचलित कानुन र सम्झौताको सर्त बमोजिम बहालवालाले नै बेहोर्नु पर्नेछ।

**६१. सार्वजनिक खरिद कानुनको पालना गर्नुपर्ने_**ः यस परिच्छेद बमोजिम गरिने आय ठेक्का, बोलपत्र आह्वान, डाँक बढाबढ, जमानत जफत, मुआब्जा वा ठेक्का सम्झौताका कार्यविधिगत विषयहरूमा यस ऐनमा लेखिएका कुराको अतिरिक्त प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलीको अनिवार्य पालना गर्नु पर्नेछ।

## परिच्छेद — १५
## राजश्व प्रस्ताव, सूचना तामेली, सुशासन तथा विविध व्यवस्था

**६२. राजश्व प्रस्ताव तर्जुमा, सहभागिता र बजेट प्रणालीः** (१) प्रचलित कानुनको अधिनमा रही गाँउ कार्यपालिकाले आगामी आर्थिक वर्षको कर तथा गैर कर राजश्वको नयाँ दर प्रस्ताव, कराधार र दरहरू तर्जुमा गर्दा स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा सरोकारवाला उद्योग वाणिज्य सङ्घ, नागरिक समाज, विषयगत विज्ञ सँग अनिवार्य रूपमा सार्वजनिक परामर्श  गर्नु पर्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम तर्जुमा गरेको अन्तिम राजश्व प्रस्ताव प्रत्येक वर्षको असार दश गतेभित्र गाउँ सभामा पेस गरी असार मसान्तभित्र वार्षिक आर्थिक ऐनको रूपमा पारित गराउनु पर्नेछ। कानुन बमोजिम गाँउसभाबाट स्वीकृत नभएका र सो को सुचना स्थानीय राजपत्रमा प्रकाशन नगरी कुनै पनि कर वा शुल्क असुल गरिने छैन।

**६३. प्रगतिशील कराधान र वातावरणीय न्यायको सिद्धान्तः** (१) गाउँपालिकाले करको दर निर्धारण गर्दा समन्याय र प्रगतिशीलताको सिद्धान्त अवलम्बन गर्नेछ, जस अन्तर्गत न्यून आय भएका, गरिब, विपन्न तथा अपाङ्गता भएका वर्गलाई कम करको भार पर्ने गरी वर्गीकरण गरिनेछ।

(२) **प्रदूषकले तिर्नुपर्नेः** वातावरण संरक्षण ऐन, २०७६ सँग तादम्यता मिलाउन गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणमा ह्रास पुऱ्याउने, प्रदूषण फैलाउने वा प्राकृतिक स्रोतको व्यावसायिक दोहन गर्ने उद्योग, व्यवसाय वा क्रियाकलापमा विशेष वातावरण सुधार शुल्क स्वीकृत गरी असुल गर्न सक्नेछ।

**६४. एकीकृत डिजिटल सुशासन अपनाउनु पर्ने_:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको राजश्व प्रशासनसँग सम्बन्धित सबै प्रकारका सूचना सम्प्रेषण, करदाता दर्ता, विवरण दाखिला, कर निर्धारण, विद्युतीय बीजक जारी गर्ने र कर चुक्ता प्रमाणपत्र जारी गर्ने कार्य स्वचालित एकीकृत अनलाइन प्रणाली मार्फत गरिनेछ।

(२) यस ऐन वा यस अन्तर्गत बन्ने नियमावलीमा तोकिए बाहेक कर प्रशासनलाई आवश्यक पर्ने अन्य कुनै विवरण, फाराम वा कागजातको ढाँचा आवश्यक देखिएमा, राजश्व अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी लागु गर्न सक्नेछ। उल्लिखित बमोजिमका फाराम वा ढाँचाहरू गाउँपालिकाको वेबसाइट र डिजिटल सूचना पाटीमा स्थायी रूपमा उपलब्ध हुनु पर्नेछ।

**६५. सूचना तामेली गर्ने :** (१) यस ऐन बमोजिम करदातालाई दिनु पर्ने कुनै पनि म्याद, सूचना, आदेश वा कानुनी कागजात देहायका माध्यमबाट पठाइएमा रीतपूर्वक तामेल भएको मानिनेछः—

(क) करदाताले गाउँपालिकाको राजश्व प्रणालीमा दर्ता गरेको आधिकारिक विद्युतीय ठेगाना (इमेल) मा वा निजको दर्ता भएको मोबाइल नम्बरमा एस्. एम्.एस्. वा प्रणालीगत अलर्ट मार्फत पठाइएमा,

(ख) सम्बन्धित करदाता आफैंलाई वा निजको एकाघरको उमेर पुगेको सदस्य वा निजले तोकेको कानुनी प्रतिनिधि/लेखापाललाई भौतिक रूपमा बुझाई भरपाई गराएमा,

(ग) संस्था वा कम्पनीको हकमा सोको मुख्य कार्यालय, शाखा कार्यालय वा प्रबन्धकको ठेगानामा हुलाक वा कुरियर मार्फत रजिष्ट्री गरी पठाइएमा।

(२) प्रणालीबाट स्वचालित रूपमा उत्पन्न वा कर अधिकृतको डिजिटल दस्तखत वा छाप भएको कागजात कानुनी रूपमा पूर्ण वैध मानिनेछ।

**६६. व्यावसायिक सदाचार र विभागीय कारबाहीः** (१) कुनै कर अधिकृत वा राजश्व प्रशासनमा कार्यरत कर्मचारीले बदनियतपूर्वक करदातालाई हानि-नोक्सानी पुऱ्याउने, करको दायित्व अनुचित रूपमा घटी वा बढी गर्ने, समान अवस्थाका करदाता बिच विभेद गर्ने, आर्थिक अनियमितता गर्ने वा रिसइबीका कारण करदातालाई दुःख वा हैरानी दिएको प्रमाणित

भएमा, पिडित करदाताले प्रमाण सहित प्रमुख प्रशासकीय अधिकृत वा पालिका अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा वा कर्मचारीले बदनियत राखेको संकास्पद आधार देखिएमा, प्रमुख प्रशासकीय अधिकृतले तत्काल बढीमा बढीमा नब्बे समय दिई तीनसदस्यीय छानबिन समिति गठन गर्नेछ र छानबिन अवधिभर उक्त कर्मचारीलाई राजश्वको जिम्मेवारीबाट अलग राखिनेछ।

(३) छानबिनबाट कसुर पुष्टि भएमा, प्रचलित स्थानीय सेवा सम्बन्धी कानुन वा निजामती सेवा कानुन बमोजिम निजलाई सख्त विभागीय कारबाही गरिनेछ र निजको बदनियतका कारण गाउँपालिका वा करदातालाई हुन गएको वास्तविक आर्थिक क्षति सोही कर्मचारीबाट व्यक्तिगत रूपमा असुलउपर गरिनेछ।

**६७. उत्कृष्ट करदाता सम्मान र राजश्व चुहावट नियन्त्रण पुरस्कारः** (१) गाउँपालिकाले प्रत्येक वर्ष आन्तरिक राजश्वमा उच्च योगदान गर्ने र वित्तीय अनुशासन पालना गर्ने विधागत करदाताहरूलाई मापदण्डका आधारमा उत्कृष्ट पालिकाकरदाता को रूपमा सार्वजनिक रूपमा पुरस्कृत र सम्मानित गर्न सक्नेछ।

(२) कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर वा गैर कर राजश्व लुकाएको, झुट्टा स्रेस्ता राखेको वा राजश्व चुहावट गरेको विषयमा वस्तुगत प्रमाण सहित लिखित वा डिजिटल सूचना दिने सूचनादाताको पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ। निजको सूचनाका कारण थप असुल हुन आएको वास्तविक राजश्व र जरिवाना रकमको दश प्रतिशत रकम कार्यपालिकाको निर्णय बमोजिम त्यस्तो सूचनादातालाई नगद पुरस्कार दिन सकिनेछ।

**६८. सूचना सार्वजनिक गर्नु पर्ने अनिवार्य दायित्वः** (१) गाँउसभाबाट पारित वार्षिक आर्थिक ऐन, करका दरहरू, गैर कर राजश्वका शीर्षकहरू, कर छुट वा मिनाहा सम्बन्धी सम्पूर्ण विवरणहरू स्वीकृत भएको पन्ध्र दिनभित्र अनिवार्य रूपमा स्थानीय राजपत्रमा प्रकाशन गरी गाउँपालिकाको आधिकारिक वेबसाइटमा सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको राजश्वको दर र वर्गीकरण सम्बन्धी प्रतिवेदन भुमि ब्यवस्था ,सहकारी , सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र प्रदेशको अर्थ मन्त्रालयमा विद्युतीय वा भौतिक माध्यमबाट पठाउनु पर्नेछ।

**६९. हदम्याद गणना नहुने अवधिः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कर निर्धारण, पुनरावलोकन वा असुली सम्बन्धी हदम्याद गणना गर्दा देहायको अवधि कट्टी गरिनेछ :—

(क) सक्षम अदालत वा न्यायिक निकायबाट कर असुली वा निर्णय कार्यान्वयन नगर्नु भनी अन्तरिम आदेश जारी भएको अवधि,

(ख) करदाता बेपत्ता भएको वा काबु बाहिरको परिस्थितिका कारण प्राकृतिक विपत्ति परी कर कार्यालय बन्द रहेको प्रमाणित अवधि।

**७०. प्रमाण बुझ्ने र अदालत सरहको अधिकारः** यस ऐन बमोजिम कर परीक्षण गर्ने, कर छली अनुसन्धान गर्ने वा संशोधित कर निर्धारण गर्ने प्रयोजनका लागि कर अधिकृत वा कार्यपालिकाले तोकेको अनुसन्धान अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, स्रेस्ता कब्जा गर्ने, स्थलगत खानतलासी गर्ने र प्रमाण बुझ्ने सम्बन्धमा प्रचलित कानुन बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ।

**७१. अधिकार प्रत्यायोजन :** (१) यस ऐन वा प्रचलित कानुन बमोजिम कर अधिकृतमा निहित रहेको कर तथा गैर कर राजश्व सम्बन्धि प्रशासनिक र कानुनी अधिकारहरू मध्ये आवश्यक अधिकार लिखित रूपमा कर अधिकृत वा अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा कर अधिकृतले राजश्व सङ्कलनको लक्ष्य, आन्तरिक नियन्त्रण प्रणाली र कार्य सम्पादन सूचकहरू तोकी आवश्यक सर्त वा निर्देशन दिन सक्नेछ।

**७२. प्रत्यायोजित अधिकारको उत्तरदायित्व र सीमाः** (१) यस परिच्छेद बमोजिम प्रत्यायोजन गरिएको अधिकार प्रयोग गरी कर अधिकृत वा मातहतका कर्मचारीले गरेको प्रत्येक निर्णय, आदेश वा कामको अन्तिम कानुनी जिम्मेवारी र उत्तरदायित्व अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा नै रहनेछ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर अधिकृत वा कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति पूर्ण रूपमा जबाफदेही रही प्रचलित कानुन, न्यायका सामान्य सिद्धान्त र कार्यपालिकाको नीतिगत निर्देशनको परिधिभित्र रहेर मात्र कार्य गर्नु पर्नेछ।

(३) अधिकार प्रत्यायोजन गरिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतले राजश्व प्रशासनको गम्भीरता वा संवेदनशीलता हेरी प्रत्यायोजन गरिएको कुनै पनि अधिकार आफैं प्रयोग गर्न वा जुनसुकै बखत त्यस्तो अधिकार फिर्ता वा परिमार्जन गर्न सक्नेछ।

**७३. कागजातको अभिलेख र स्रेस्ता संरक्षणः** (१) यस ऐन बमोजिम कर बुझाउने दायित्व भएका प्रत्येक करदाता तथा व्यावसायिक फर्मले आफ्नो कारोबार सँग सम्बन्धित बिल-बीजक, खातापाता, बैंक विवरण, लेखापरीक्षण प्रतिवेदन र कर दाखिला गरेका रसिदहरू सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका वित्तीय कागजातहरू सम्बन्धित आर्थिक वर्ष समाप्त भएको मितिले पाँच वर्षको अवधिसम्म विद्युतीय वा भौतिक रूपमा सुरक्षित राख्नु पर्नेछ। कर अधिकृतले सो अवधिभित्र जुनसुकै बखत उक्त कागजात कर परीक्षणका लागि माग गर्न सक्नेछ।

**७४. नियमावली, निर्देशिका वा कार्यविधि बनाउने र बाधा अड्काउ फुकाउने अधिकारः**_(१) यस ऐनको मूल मर्म र भावनालाई कार्यान्वयन गर्नका लागि गाँउ कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै प्राविधिक वा व्यवहारिक बाधा अड्काउ उत्पन्न भएमा, यस ऐनको मूलभूत व्यवस्था र सङ्घीय तथा प्रदेश कानुनको प्रतिकूल नहुने गरी गाँउ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना जारी गरी बाधा अड्काउ फुकाउन सक्नेछ र त्यस्तो आदेश तत्काल बसेको  गाँउसभाको बैठकमा अनुमोदनका लागि पेस गर्नु पर्नेछ।

**७५. खारेजी र बचाउ** (१) यो ऐन प्रारम्भ भएका बखत लागु भएकोहुप्सेकोट...ऐन खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन बमोजिमको ऐन बमोजिम गरे भएका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।!